# पक्राउ सम्बन्धी कानूनी व्यवस्था र अभ्यास

पक्राउ सम्बन्धी कानूनी व्यवस्था र अभ्यास

प्रकाशन संख्या : १२७

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**
मनमैंजु, काठमाडौं

फोन नं. : ९७७-०१-४०२७४४९, ४०२७४५१
पोष्ट बक्स नं. :२४८६५
Email: info@njanepal.org.np

# पक्राउ सम्बन्धी कानूनी व्यवस्था र अभ्यास


**अनुसन्धान समूहः**

**श्री संजीव राई,** निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**माननीय श्री रुद्रप्रसाद सुवेदी,** जिल्ला न्यायाधीश, पर्सा

**श्री रोजर श्रेष्ठ,** अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल



राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं, नेपाल

**डिजाइन लेआउटः** श्री प्रतिभा राई

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**प्रकाशन प्रतिः** ५००

**प्रकाशन सालः** २०८२

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं. : ९७७-१-४०२७४४९/४०२७४५१
इमेल : info@njanepal.org.np
Website: www.njanepal.org.np

**मुद्रकः** रौता प्रिटिङ्ग सपोर्ट

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"... Center of Excellence for Judicial Education."

## मन्तव्य

कानूनी प्रणालीलाई सुदृढ बनाउन, नयाँ कानूनी विषयवस्तुको गहिरो विश्लेषण र विद्यमान कानूनी प्रावधानहरुको समिक्षा गर्न मद्दत पुऱ्याउनको लागि विभिन्न विषयवस्तुहरुमा गुणस्तरीय अनुसन्धान अध्ययन प्रतिवेदन तयार गर्न आवश्यक हुन्छ। यसै आवश्यक्तालाई सम्बोधन गर्नको लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानले अनुसन्धानत्मक कार्यलाई निरन्तरता दिँदै आइरहेको छ। यसै क्रममा **पक्राउ सम्बन्धी कानूनी व्यवस्था र अभ्यास** सम्बन्धी अनुसन्धान प्रतिवेदन अनुसन्धान समूहबाट तयार भई कानून र न्यायको श्रेत्रमा आवद्ध हुनुभएका जनशक्ति समक्ष प्रस्तुत गर्न पाउँदा मलाई निकै खुशी लागेको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को प्रचलनसँगै पूर्व वहालरहेको सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४ मा भएको पक्राउ सम्बन्धी व्यवस्थाको परम्परागत मान्यता प्रतिस्थापन भईसकेको छ। यस संहितामा समावेश भएको पक्राउ सम्बन्धी कानूनी व्यवस्थाले प्रत्यक्ष रुपमा संयुक्त राष्ट्र संघीय दस्तावेजहरुमा उल्लेख भएका मानव अधिकारमैत्री अवधारणा तथा सिद्धान्तलाई आत्मसात गरेकोले एउटा नवीनतम् व्यवस्थाको रुपमा नेपालको फौजदारी न्याय प्रणालीमा स्थापित भएको छ। यस संहितामा उल्लेख भएको सामान्यतया अदालतबाट पूर्व अनुमति लिएर पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने र विशेष अवस्थामा मात्र जरुरी पक्राउ पूर्जी जारी गर्ने सम्बन्धी व्यवस्थाहरुको प्रयोग तथा अभ्यासको सन्दर्भमा एउटा विशेष अध्ययनको आवश्यकतालाई सम्बोधन गर्नको लागि प्रस्तुत अनुसन्धान सम्पन्न भएको हो। पक्राउ पूर्जी र जरुरी पक्राउ पूर्जी जारी गरी गरिने पक्राउको सन्दर्भमा अवधारणागत तथा सैद्धान्तिक पक्ष, अन्य मुलुकहरुका कानूनी व्यवस्था र अभ्यास, संयुक्त राष्ट्र संघीय दस्तावेज, राष्ट्रिय कानूनी व्यवस्थाहरु, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु लगायत सङ्कलित तथ्याङ्कहरुको विवेचना र विश्लेषणबाट प्राप्त नतिजा, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको यस अनुसन्धानले न्यायाधीश, सरकारी वकील, कानून व्यवसायी, कानूनका विद्यार्थीलगायत अन्य व्यक्तित्वहरुलाई समेत सैद्धान्तिक र व्यवहारिक पक्ष बुझ्नको लागि सहयोग पुग्नेछ भन्ने कुरामा म आशावादी छु।

अन्त्यमा, यस अनुसन्धान प्रतिवेदनलाई प्रकाशनयोग्य बनाउनु हुने अनुसन्धान तथा विकास महाशाखा अन्तर्गत कार्यरत राष्ट्रिय न्यायिक प्रतिष्ठानका तत्कालीन उप निर्देशक हाल निर्देशक श्री संजीव राई, महान्यायाधिवक्ताको कार्यालयका तत्कालीन उप न्यायाधिवक्ता हाल जिल्ला न्यायाधीश माननीय श्री रुद्रप्रसाद सुवेदी र प्रतिष्ठानका प्रशिक्षण व्यवस्थापन अधिकृत श्री रोजर श्रेष्ठ, लेआउट डिजाईन गर्नु हुने श्री प्रतिभा राई लगायत सम्पूर्णमा धन्यवाद दिन चाहन्छु। साथै यस अनुसन्धान प्रतिवेदनलाई अझ परिस्कृत बनाउनको लागि सम्पुर्ण पाठक र विज्ञहरुबाट प्रतिक्रिया तथा सुझावहरुको अपेक्षा पनि गर्दछु।

केदार पौडेल
निमित्त कार्यकारी निर्देशक
राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

२०८२/०३/११

# प्राक्कथन

वैयक्तिक स्वन्तत्रताको प्रत्याभूति मौलिक हकको रुपमा नेपालको संविधानमा प्रत्यभूत गरिएको छ। यसको प्रचलनमा अवरोध भएमा संवैधानिक उपचारको माध्यमबाटै यसको प्रचलन गराउन सकिने व्यवस्था पनि यसै संविधानमा रहेको छ। अतः कुनै पनि व्यक्तिलाई उसको स्वतन्त्रतामा संकुचन आउने गरी निजलाई नियन्त्रण तथा अपराध अनुसन्धानको क्रममा पक्राउ गर्दा अनिवार्य रुपमा कानूनी प्रक्रिया पुरा गरेको हुनु पर्दछ। यसरी कुनै व्यक्तिलाई पक्राउ गर्दा कानुन बमोजिम मात्र गरिनुपर्दछ भन्ने संयुक्त राष्ट्र संघीय मान्यतालाई आत्मसात् गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा पक्राउ सम्बन्धी व्यवस्था भएको पाइन्छ। यस ऐनको दफा ९ को उपदफा (२),(३) र (६) मा उल्लेख भएका पक्राउ पूर्जी र जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्न सकिने कानूनी व्यवस्था  नेपालको फौजदारी न्याय प्रणालीमा एउटा नवीनतम व्यवस्था भएकोले यसको प्रयोग तथा अभ्यासको सन्दर्भमा अध्ययन गर्न आवश्यक रहेको छ।

यसै उद्धेश्यले विभिन्न सिमितता भित्र रहेर सम्पन्न गरिएको प्रस्तुत अनुसन्धान विशेष गरी सामान्यतया कार्यान्वयनमा आउनु पर्ने पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने व्यवस्था र विशेष परस्थितिमा अपवादको रुपमा मात्र कार्यान्वयनमा आउने जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरिएको अवस्थालाई तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषणबाट उजागर गर्नमा केन्द्रित रहेको छ। साथै प्रस्तुत अनुसन्धानमा पक्राउ, पक्राउ पूर्जी र जरुरी पक्राउ पूर्जीको विषयमा अवधारणागत तथा सैद्धान्तिक पक्ष, संयुक्त राष्ट्र संघीय र राष्ट्रिय कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको पनि उल्लेख गरिएको छ। अतः २०८० सालको मुद्दाहरुको अध्ययन गरिएको प्रस्तुत "पक्राउ सम्बन्धी कानूनी व्यवस्था" विषयको अनुसन्धानलाई निश्चय नै एक महत्वपूर्ण अनुसन्धान सामग्रीको रुपमा रहनेछ। कानून र न्यायको क्षेत्रका सरोकारवालाहरुलाई यसले प्रशस्त रुपमा लाभ प्रदान गर्नेछ भन्नेमा यस अनुसन्धान समूहको विश्वास छ।

अन्त्यमा, यस अनुसन्धानलाई प्रकाशन योग्य बनाउनको लागि मार्ग निर्देशन सहितको सल्लाह सुझाव दिनुहुने प्रतिष्ठानका निवर्तमान माननीय कार्यकारी निर्देशक श्री वैद्यनाथ उपाध्याय, हाल निमित्त कार्यकारी निर्देशक माननीय श्री केदार पौडेल र निर्देशक श्री श्रीकृष्ण मुल्मी प्रति आभार तथा कृतज्ञता व्यक्त गर्दछु। यस अनुसन्धानलाई परिस्कृत गर्नको लागि रचनात्मक सल्लाह सुझाव दिनु हुने प्रतिष्ठानका उप-निर्देशक श्री करुणा थपलियालाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी प्रतिष्ठानका अनुसन्धान अधिकृत श्री रेणु धिमिरे, कार्यालय सहायक श्री एकता पौडेल, अनुसन्धान सहायक श्री वली बैठा र काठमाडौं स्कूल अफ ल की वि.ए.एलएल.वी. पाँचौ वर्षका छात्रा तथा यस प्रतिष्ठानका इन्टर्न श्री दिपिका लामिछानेलाई  उहाँहरुको उल्लेख्य योगदानको लागि मुरी मुरी धन्यवाद दिन चाहन्छु ।

अनुसन्धान संयोजक
संजीव राई
निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

असार, २०८२

## विषयसूची


| | | पृष्ठ नं. |
|---|---|---|
| | **परिच्छेद एक**<br>**परिचय** | |
| १.१ | अनुसन्धानको पृष्ठभूमि | १ |
| १.२ | अनुसन्धानको समस्या कथन | २ |
| १.३ | अनुसन्धानको उद्देश्य | ३ |
| १.४ | अनुसन्धानको आवश्यकता | ३ |
| १.५ | अनुसन्धानको सिमांकन र सीमा | ३ |
| १.६ | अनुसन्धानको सांगठनिक संरचना | ४ |
| | **परिच्छेद दुई**<br>**पूर्वाअध्ययनको समीक्षा** | |
| २.१ | पक्राउ, म्यादथप, अभियोगपत्र र थुनछेक आदेश | ५ |
| २.२ | पक्राउ पुर्जी र समाह्वान | ६ |
| २.३ | स्वच्छ सुनुवाइ सम्बन्धी अवधारणा | ६ |
| २.४ | अनुसन्धान अन्तराल | ७ |
| | **परिच्छेद तीन**<br>**अनुसन्धान पद्धति** | |
| ३.१ | अनुसन्धानको ढाँचा | ८ |
| ३.२ | नमुना छनौट ढाँचा | ८ |
| ३.३ | तथ्याङ्क सङ्कलन | ९ |
| ३.४ | तथ्याङ्कको प्रशोधन, प्रस्तुतीकरण, विवेचना र विश्लेषण | ९ |

| | | |
|---|---|---|
| ३.५ | अनुसन्धानको लागि लागेको समयावधि र स्रोत | ९ |
| ३.६ | अनुसन्धानको भाषा | १० |
| **परिच्छेद चार**<br>**पक्राउ सम्बन्धी अवधारणागत पक्ष** | | |
| ४.१ | पक्राउ सम्बन्धी अवधारणागत पक्ष | ११ |
| ४.२ | पक्राउको अर्थ र परिभाषा | ११ |
| ४.३ | पक्राउ गर्नुको मुख्य उद्देश्य तथा कारणहरू | १३ |
| ४.४ | पक्राउका आवश्यक तत्वहरू | १४ |
| ४.५ | पक्राउ पुर्जी जारी गरी पक्राउ | १५ |
| ४.६ | पक्राउ पुर्जी बिना पक्राउ | १६ |
| ४.७ | पक्राउ सम्बन्धी केही अन्य मुलुकहरूको कानूनी व्यवस्था र न्यायिक अभ्यास | २० |
| **परिच्छेद पाँच**<br>**पक्राउ सम्बन्धी संयुक्त राष्ट्रसंघीय र राष्ट्रिय व्यवस्था** | | |
| ५.१ | पृष्ठभूमि | २९ |
| ५.२ | संयुक्त राष्ट्रसंघीय व्यवस्था | २९ |
| ५.३ | नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था | ३० |
| **परिच्छेद छ**<br>**पक्राउ सम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू** | | |
| ६.१ | लोप्साङ्ग शेर्पा समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत | ३५ |
| ६.२ | अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं समेत | ३५ |
| ६.३ | हरिकुमार लामा वि. काभ्रेपलान्चोक जिल्ला अदालत, धुलिखेल समेत | ३५ |

| | | |
|---|---|---|
| ६.४ | नरेन्द्र वि.क. समेत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत | ३६ |
| ६.५ | तेजबहादुर मोक्तानसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत | ३६ |
| **परिच्छेद सात**<br>**पक्राउ सम्बन्धी तथ्याङ्कको प्रस्तुतिकरण, विवेचना र विश्लेषण** | | |
| ७.१ | जिल्ला सरकारी वकीलको कार्यालय, मुगुबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ......... | ३७ |
| ७.२ | जिल्ला सरकारी वकीलको कार्यालय, भोजपूरबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ......... | ३८ |
| ७.३ | जिल्ला सरकारी वकीलको कार्यालय, सुर्खेतबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा .......... | ३९ |
| ७.४ | जिल्ला सरकारी वकीलको कार्यालय, धनुषाबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा .......... | ४० |
| ७.५ | जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौंबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा .......... | ४१ |
| ७.६ | जिल्ला सरकारी वकीलको कार्यालय, मुगु, भोजपूर, सुर्खेत, धनुषा र कठमाडौंबाट संकलित समग्र तथ्याङ्कको आधारमा मुलुकी .......... | ४२ |
| ७.७ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ४३ |
| ७.८ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम पक्राउ .......... | ४४ |
| ७.९ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ४५ |
| ७.१० | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ४६ |
| ७.११ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा (२) बमोजिम .......... | ४७ |
| ७.१२ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा (२) बमोजिम .......... | ४८ |

| | | |
|---|---|---|
| ७.१३ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा (२) बमोजिम .......... | ४९ |
| ७.१४ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ५० |
| ७.१५ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ५१ |
| ७.१६ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा (२) बमोजिम .......... | ५२ |
| ७.१७ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा (२) बमोजिम .......... | ५३ |
| ७.१८ | अपराधको वर्गिकरणको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा (२) बमोजिम पक्राउ .......... | ५४ |
| **परिच्छेद आठ**<br>**नतिजा, निष्कर्ष र सुझाव** | | |
| ८.१ | नतिजा | ५५ |
| ८.२ | निष्कर्ष | ५८ |
| ८.३ | सुझाव | ५९ |
| **अनुसूचीहरु** | | |
| अनुसूची १ | जिल्ला सरकारी वकीलको कार्यालय, मुगुबाट संकलन गरिएका मुद्दाहरूको विवरण | ६० |
| अनुसूची २ | जिल्ला सरकारी वकीलको कार्यालय, भोजपुरबाट संकलन गरिएका मुद्दाहरूको विवरण | ६२ |
| अनुसूची ३ | जिल्ला सरकारी वकीलको कार्यालय, सुर्खेतबाट संकलन गरिएका मुद्दाहरूको विवरण | ६५ |
| अनुसूची ४ | जिल्ला सरकारी वकीलको कार्यालय, धनुषाबाट संकलन गरिएका मुद्दाहरूको विवरण | ७४ |
| अनुसूची ५ | जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौं | ८७ |
| अनुसूची ६ | अपराधको वर्गीकरणको आधारमा पक्राउ पुर्जी र जरूरी पक्राउ पुर्जी जारी गरिएको मुद्दाको अवस्था | १०५ |
| **सन्दर्भग्रन्थ सूचीहरु** | | १०७ |

# परिच्छेद - एक
# परिचय

## १.१ अनुसन्धानको पृष्ठभूमि

सामान्यतयाः वैयक्तिक सुरक्षा, खास गरी जीवनको सुरक्षा, स्वतन्त्रता तथा सम्पत्तिको सुरक्षा नै कुनै पनि व्यक्तिको सर्वोपरी महत्त्वको विषय हो। त्यसैगरी शान्ति, सुरक्षा तथा अमनचैनको प्रत्याभूतिविना समाजले शान्तिपूर्वक आफ्नो जनधनको संरक्षण प्राप्त गर्न सक्दैन।[1] त्यसैले समाजको अमनचैन र शान्ति सुव्यवस्था माथि आघात तथा आक्रमण गर्ने कसूरदारलाई कानूनी कारवाही गरी सर्वसाधारणको संरक्षण गर्नु राज्यको कर्तव्य हो। व्यक्ति तथा समाजको बृहत्तर हितमा आघात तथा क्षति पुऱ्याउने कसूरदारलाई अपराध अनुसन्धानको लागि पक्राउ गर्न आवश्यक हुन्छ। तर कसूरसँग सम्बन्धीत कुनै पनि व्यक्तिलाई जथाभावी वा कानूनी प्रक्रिया बिना पक्राउ गर्नु वा निजको वैयक्तिक स्वतन्त्रता हरण गर्न पाइदैन। पक्राउ गर्नको लागि फौजदारी कार्यविधि कानूनले निर्धारण गरेका निश्चत प्रक्रियागत चरणहरू पुरा गरेकै हुनुपर्दछ।

कसूरसँग सम्बन्धीत कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने कानूनी व्यवस्था नेपालको फौजदारी कार्यविधि कानूनमा नौलो विषय भने होइन। तर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को प्रचलनसँगै खारेज भएको सरकारवादी मुद्दासम्बन्धी ऐन,२०४९ को दफा १४ मा भएको[2] पक्राउ सम्बन्धी परम्परागत मान्यता प्रतिस्थापन भएको छ। यस संहितामा समावेश भएको पक्राउ सम्बन्धी व्यवस्था विगतको व्यवस्था भन्दा परिमार्जित, नवीन र मानव अधिकारमैत्री रहेको पाइन्छ। यद्यपी, नेपाल प्रहरीले यस संहिताको कार्यान्वयन लगतै दफा ९ मा भएको पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको जस्ताको त्यस्तै कार्यान्वयनले अपराध नियन्त्रण र अनुसन्धान प्रभावित हुने भन्दै कानून मन्त्रालयलाई लिखित रूपमा नै आफ्नो राय पेश गर्नुका[3] साथै सम्मानित अदालत र सीडीओको अनुमती बेगर पक्राउ पुर्जी नपाइने हुनाले अपराधी पक्राउ गर्न नसकिएको र सोही कारणले अपराध अनुसन्धान झन चुनौतीपूर्ण भएकोमा आपत्ति जनाउँदै संशोधन माग गरेको[4] पाइन्छ। यसरी प्रहरीले पक्राउ सम्बन्धी नवीनतम् व्यवस्थाको कारणले अपराधीलाई पक्राउ गरी अपराध अनुसन्धान गर्न कठिनाई भएको भन्दै गर्दा पक्राउ पुर्जी जारी भएका प्रकाण्ड बालुवाटारमा

---

[1] प्र.डा. रजितभक्त प्रधानाङ्ग, अधिवक्ता मेघराज पोखरेल र अधिवक्ता युगराज पठाक, *फौजदारी कानूनको परिचय* ११,भृकूटी एकेडेमिक पब्लिकेसन्स् प्रदर्शनी मार्ग,काठमाडौं ,२०६२।

[2] सरकारी मुद्दासम्बन्धी ऐन,२०४९, दफा १४. पक्राउ गर्ने (१) यस ऐन बमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ। (३) उप-दफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ।कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयागे गर्न सक्नेछ।(४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ।(५) यस दफा बमोजिम पक्रिएको व्यक्तिको तलासी लिदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चीज वा खरखजाना, हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ।

[3] मुलुकी संहिता : पत्रकार, प्रहरी र डाक्टरको विरोध किन, न्यूज कारोबार, हेर्नुहोस् https://www.newskarobar.com/posts/३६३९०, हेरिएको मितिः २०८०/१०/७।

[4] नयाँ कानुनले अपराध अनुसन्धानमा बाधा, प्रहरीलाई मान्छे समात्नै धौ—धौ!,रातोपाटी (माघ ७, २०८०), हेर्नुहोस् https://www .ratopati.com/story/५८५६२, हेरिएको मितिः २०८०/१०/ ७।

प्रधानमन्त्रीलाई भेटे[५], पक्राउ पुर्जीजारी भइसकेको व्यक्ति खुलेआम घुम्दैः प्रहरीकै भूमिका शंकास्पद, पीडित त्रासमा[६], पक्राउ पुर्जीजारी भएपछि एसपिसँगै फोटो सेसन, प्रतिवादी खुलेआम घुम्दै[७], पक्राउ पुर्जी जारी भएकालाई पक्राउ गर्न प्रहरी मौन[८] र पक्राउ पुर्जीजारी भएका "हाइप्रोफाइल"ः कसरी हुन सक्छन् बेपत्ता?[९] जस्ता प्रतिनिधिमूलक सामाचारहरूले पक्राउ सम्बन्धी कानूनी व्यवस्था अनुसार पक्राउ पुर्जी जारी गरी कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्ने कार्य सरल र सहज नभएको अवस्था स्पष्ट भएको छ।

अतः प्रस्तुत अनुसन्धान पक्राउ पुर्जीसम्बन्धी सैद्धान्तिक तथा अवधारणागत पक्ष, नेपालको संविधान र प्रचलित राष्ट्रिय कानूनी व्यवस्था, सर्वोच्च अदलतले प्रतिपादन गरेको सिद्धान्त र विशेषगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप दफा २ र ६ मा क्रमशः उल्लेख भएको कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न सकिने सामान्य व्यवस्था अन्तर्गत पक्राउ पुर्जी (Arrest Warrant) र अपवादको व्यवस्था अन्तर्गत जरूरी पक्राउ पुर्जी (Emergency Arrest Warrant) जारी गरी पक्राउ गरिएको अभ्यासमा केन्द्रित रहेको छ।

## १.२ अनुसन्धानको समस्या कथन

सन् १९१० मा जङ्गबहादुर राणाले बेलायतबाट ल्याएर लागू गरेको पहिलो मुलुकी ऐन २०२० मा संशोधन भए पश्चात फौजदारी कानून तथा कार्यविधिको आधुनिकीकरण भएको थिएन। २०७५ भदौ १ गतेबाट लागू भएको नयाँ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्ने सम्बन्धमा नवीनतम् व्यवस्था समावेश गरिएको छ। यस व्यवस्था अनुसार अनुसन्धानको क्रममा कसूरसँग सम्बन्धित कुनै पनि शंका गरिएको व्यक्तिलाई पक्राउ गर्नु पूर्व मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पुर्जी (Arrest Warrant) जारी गर्ने अनुमति लिनु पर्ने हुन्छ। यो सामान्य व्यवस्थाको रूपमा रहेको छ। त्यसैगरी कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरेमा भाग्ने वा प्रमाण नस्ट गर्ने वा प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीकै उपस्थितिमा अपराध गरिसकेको अवस्थामा मुद्दा हेर्ने अधिकारीबाट पूर्व अनुमति नलिई जरूरी पक्राउ पुर्जी (Emergency Arrest Warrant) जारी गरी तत्काल पक्राउ गर्न सकिने व्यवस्था पनि छ।तर यो व्यवस्था सामान्य नभई अपवादको व्यवस्थाको रूपमा रहेको छ। अतः मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल रहेको यस नवीनतम् व्यवस्थाको प्रयोग तथा अभ्यासलाई मध्यनजर गर्दै प्रस्तुत अनुसन्धान मुद्दा हेर्ने अधिकारीको पूर्व अनुमति लिई पक्राउ पुर्जी र मुद्दा हेर्ने

---

[५] पक्राउ पुर्जीजारी भएका प्रकाण्डले बालुवाटारमा प्रधानमन्त्रीलाई भेटे, नेपाल समय, हेर्नुहोस् https://nepalsamaya.com /detail/118707, हेरिएको मितिः २०८०/१०/५।

[६] पक्राउ पुर्जीजारी भइसकेको व्यक्ति खुलेआम घुम्दैः प्रहरीकै भूमिका शंकास्पद, पीडित त्रासमा, नेपाल बहस, हेर्नुहोस् https://www.nepalbahas.com/story/६५२३१६/२०२३/१२/२६/crime/the-arrest-of-the-people-issued-openly-/ हेरिएको मितिः २०८०/१०/४।

[७] पक्राउ पुर्जीजारी भएपछि एसपीसँगै फोटो सेसन, प्रतिवादी खुलेआम घुम्दै, हाम्रा कुरा, हेर्नुहोस् https://hamrakura.com/news-details/१५६६१०/२०२३-१०-०२, हेरिएको मितिः २०८०/१०/४।

[८] पक्राउ पुर्जी जारी भएकालाई पक्राउ गर्न प्रहरी मौन,शिरीष न्युज, हेर्नुहोस् https://shirishnews.com/२०२४/०१ /०७ /५३०२०/, हेरिएको मितिः २०८०/१०/६।

[९] पक्राउ पुर्जीजारी भएका "हाइप्रोफाइल"ः कसरी हुन सक्छन् बेपत्ता?, रातोपाटी, हेर्नुहोस् https://www.ratopati.com /story/३६१८१९, हेरिएको मितिः २०८०/१०/४।

अधिकारीको पूर्व अनुमति नलिई तत्काल जरूरी पक्राउ पूर्जि जारी गरी पक्राउ गर्न पाइने पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको प्रयोग तथा अभ्यासको प्रवृति (Tendency) र कसूरको आधारमा पक्राउ पुर्जी वा जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरिएको अवस्थामा प्रस्तुत अनुसन्धान केन्द्रित रहेको छ।

## १.३ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको देहाय बमोजिमको प्रमुख उद्देश्य रहेको छ;

*१.३.१* पक्राउ पुर्जी र जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्न पाइने पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको प्रयोग तथा अभ्यासको प्रवृत्ति (Tendency) को सन्दर्भमा सङ्कलन गरिएको तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषण गर्नु।

*१.३.२* कसूरको आधारमा पक्राउ पुर्जी वा जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरिएको अवस्थाको सन्दर्भमा सङ्कलन गरिएको तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषण गर्नु।

## १.४ अनुसन्धानको आवश्यकता

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यान्वयन पश्चात यसमा समवेश भएको पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको सम्बन्धमा प्रभावकारी रूपमा कुनै अनुसन्धान भएको पाइँदैन। यस व्यवस्थाको प्रयोग तथा अभ्यासबाट अपराधसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गरी र अपराध अनुसन्धान गर्ने सिलसिलामा आइपर्ने समस्या तथा चुनौतीको सन्दर्भमा पनि हालसम्म कुनै अनुसन्धान भएको पाइदैन्। साथै पक्राउ पुर्जीसम्बन्धी कानूनी व्यवस्थाको अवधारणागत पक्षमा स्पष्टता ल्याउन प्रस्तुत अनुसन्धानको महत्वपूर्ण भूमिका रहन सक्दछ। अतः पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको प्रवृत्ति तथा अवस्थामा केन्द्रित रहेको हुनाले प्रस्तुत अनुसन्धानले फौजदारी न्याय प्रणालीमा एउटा नवीनतम् आयामको परिपुर्ति गर्न सक्दछ। त्यसैगरी प्रस्तुत अनुसन्धान अपराध अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, न्यायाधीश, अभियोजनकर्ता, प्रतिपक्षि कानून व्यवसायी, कानूनका विधार्थी एवं कानून र न्यायको क्षेत्रमा कार्यरत र चासो राख्ने सबैको लागि एउटा महत्वपूर्ण अध्ययन स्रोत सामग्रीको पनि हुनसक्दछ।

## १.५ अनुसन्धानको सीमांकन र सीमा

प्रस्तुत अनुसन्धान मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ र ६ अनुसार कसूरसँग सम्बन्धित व्यक्तिलाई क्रमशःपक्राउ पुर्जी वा जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्नु पर्ने कानूनी व्यवस्थाको प्रयोग र अभ्याससँग सम्बन्धित भएतापनि यस अनुसन्धानमा फौजदारी न्याय प्रणालीको सरोकारवाला अपराध अनुसन्धान अधिकारी, अपराध अभियोजनकर्ता र न्याय सम्पादनमा संलग्न न्यायाधीशहरुलाई समेटिएको छैन। यो अनुसन्धान कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्दा सामान्य नियमको रुपमा लागू हुने मुद्दा हेर्ने अधिकारीको पूर्व अनुमति लिई पक्राउ पुर्जी (Arrest Warrant) वा अपवादको रुपमा लागू हुने मुद्दा हेर्ने अधिकारीको अनुमति नलिई तत्काल जरुरी पक्राउ पुर्जी (Emergency

Arrest Warrant) जारी गरि पक्राउ गरिने कानूनी प्रयोग तथा अभ्यास र के कस्ता कसूरमा पक्राउ पुर्जी वा तत्काल जरूरी पक्राउ पुर्जी जारी गरी अभियुक्तलाई पक्राउ गरिन्छ भन्ने सन्दर्भमा पनि यो अनुसन्धान सिमित रहेको छ।

मिति २०७५ भदौ १ गतेदेखि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागू भएपश्चात् यस संहितामा व्यवस्था भएको पक्राउ सम्बन्धी कानूनको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा हिमाली, पहाड, भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लाहरूको[१०] प्रतिनिधित्व हुने गरी क्रमशः मुगु, भोजपुर, सुर्खेत, धनुषा र काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयको वेबसाइटमा आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत २०८०/०४/०१ देखि २०८०/१०/२९ सम्ममा अपलोड गरिएको अभियोगपत्र तथा अभिलेखमा भएका मुद्दाको मिसिलबाट मात्र प्राथमिक तथ्याङ्क सङ्कलन संलग्न गरिएको छ।

भौगोलिक कठिनता, आर्थिक व्ययभार र समय अभावको कारणले अन्य जिल्ला सरकारी वकिलको कार्यालयहरूको वेबसाइटमा अपलोड गरिएका तथा अभिलेखमा भएका मुद्दाका मिसिलमा संलग्न पक्राउ पुर्जीसम्बन्धी नमूना सङ्कलन गरिएको छैन्।

पुर्वाध्ययनको समीक्षाको क्रममा पक्राउ पुर्जी र जरुरी पक्राउ पुर्जीसम्बन्धी विषयसँग प्रत्यक्ष रुपमा सम्बन्धित पूर्वप्रकाशित पुस्तक, अध्ययन तथा अनुसन्धान, अध्ययन प्रतिवेदन, अनुसन्धानमूलक लेख तथा रचनाहरुको पर्याप्त मात्रामा उपलब्ध नभएकोले राष्ट्रिय स्तरको विभिन्न स्रोत सामग्रीहरुमा प्रकाशित भएका सिमित लेख र रचनालाईमात्र पूर्वाध्ययन तथा पूर्व कार्यको रुपमा समीक्षा गरिएको छ।

## १.६ अनुसन्धानको सांगठनिक संरचना

प्रस्तुत अनुसन्धान प्रतिवेदनलाई ८ वटा परिच्छेदहरूमा विभक्त गरिएको छ। परिच्छेद-एकमा अनुसन्धानको पृष्ठभूमि, अनुसन्धानको समस्या कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको आवश्यकता, अनुसन्धानको सीमांकन र सीमा समावेश गरिएको छ। परिच्छेद-दुईमा पूर्वाध्ययनको समीक्षालाई समावेश गरिएको छ। परिच्छेद-तीनमा अनुसन्धान पद्धति (तथ्याङ्क सङ्कलन र तथ्याङ्क संङ्कलनका विधि र प्रिविधि) लाई समावेश गरिएको छ। परिच्छेद-चारमा पक्राउ सम्बन्धी आवधारणागत पक्ष, संवैधानिक र प्रचलित कानूनी व्यवस्था समावेश गरिएको छ। परिच्छेद-पाँचमा पक्राउ सम्बन्धी संयुक्त राष्ट्र संघीय र राष्ट्रिय व्यवस्था समावेश गरिएको छ। परिच्छेद-छमा पक्राउ सम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समावेश गरिएको छ। परिच्छेद-सातमा पक्राउ सम्बन्धी तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषण र परिच्छेद-आठमा अध्ययनबाट प्राप्त नतिजा, सुझाव र निष्कर्ष समावेश गरिएको छ।

---

[१०] स्थानीय सरकार सञ्चालन ऐन,२०७४, अनुसूची -१।

# परिच्छेद - दुई
# पूर्वाध्ययनको समीक्षा

कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ सम्बन्धी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ मा स्पष्ट व्यवस्था गरिएको छ। पक्राउ पुर्जी जारी गरी सशंकित व्यक्तिलाई पक्राउ गर्नु फौजदारी कानूनको परम्परागत मान्यता हो। यस सम्बन्धी कानूनी व्यवस्था पनि नेपालको कानूनी विकासको सन्दर्भमा नवीनतम् कानूनी अवधारणा होइन्। तथापी हालसम्म यस विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान भएको पाइदैन। प्रस्तुत अनुसन्धानको सन्दर्भमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सरोकार राख्ने उपलब्ध भए सम्मको पूर्वाध्ययन तथा अध्ययन स्रोत सामग्रीहरूको रूपमा राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न अनुसन्धानमूलक लेखहरूलाई देहायका बुदाँहरूमा संक्षिप्त रूपमा समीक्षा गरिनुका साथै उक्त समिक्षाको निष्कर्षको आधारमा अनुसन्धान अन्तराललाई पनि उल्लेख गरिएको छ।

## २.१ पक्राउ, म्यादथप, अभियोगपत्र र थुनछेक आदेश[11]

प्रस्तुत लेख जिल्ला न्यायाधीश/फ्याकल्टी श्री शिवबहादुर रानाभाटबाट लेखिएको र राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालबाट प्रकाशन गरिएको *देवानी तथा फौजदारी संहिता स्रोत सामग्री,२०७५(भाग २)* मा प्रकाशित गरिएको लेख हो। यस लेखमा पक्राउ, म्यादथप, अभियोगपत्र र थुनछेक आदेशको सम्बन्धमा चर्चा गरिएता पनि प्रस्तुत अनुसन्धान प्रयोजनको लागि पक्राउ सम्बधमा मात्र संक्षिप्त समीक्षा गरिएको छ। विशेषगरी यस लेखमा पक्राउ पुर्जीको सम्बन्धमा तत्कालिन फौजदारी कार्यविधि संहिता(ऐन), २०७४ ले गरेका मुख्य व्यवस्थाहरू र यसका सैद्धान्तिक आधारहरूको सन्दर्भमा चर्चा गरिएको छ। पक्राउ गर्दा लगाइएको आरोप, पक्राउ गर्नुपर्नाको कारण, पक्राउ गर्ने अधिकारी लगायतको सूचना सहित पक्राउ पुर्जी दिनुपर्छ। किनभने कसैको पनि जीवन र स्वतन्त्रता सम्बन्धी हकको अपहरण गर्दा कानूनले निर्दिष्ट गरेको प्रावधान विपरित जान नमिल्ने, फौजदारी मुद्दामा व्यक्तिलाई पक्राउ गर्नुको प्रमुख उद्देश्य अपराध अनुसन्धानलाई सहज, सफल एंव प्रभावकारी बनाई फौजदारी न्याय प्रदान गर्न सहयोग पुऱ्याउनु नै हो भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ। त्यसैगरी कसूरको सम्बन्धमा गरिने अनुसन्धानलाई सहज बनाउन र व्यक्तिको सुरक्षाको अधिकार सुरक्षित गर्न, कसूरसँग सम्बन्धित प्रमाण सङ्कलन गर्न तथा संलग्न अन्य अभियुक्त पत्ता लगाउन, प्राप्त हुनसक्ने सबुद प्रमाणको संरक्षण गर्न, अभियुक्तको अदालतमा उपस्थिति सुनिश्चित गर्न, अभियुक्तलाई सम्भावित अपराध गर्न वा थप अपराध गर्नबाट रोक्न, पीडित तथा समाजको सुरक्षा गर्न र अभियुक्त स्वयंको सुरक्षा गर्नको अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई पक्राउ गर्नु पर्दछ भन्ने तथ्यलाई यस लेखमा प्रकाश पारिएको छ।

---

[11] शिवबहादुर रानाभाट,*पक्राउ,म्यादथप, अभियोगपत्र र थुनछेक आदेश,* देवानी तथा फौजदारी संहिता स्रोत सामग्री,२०७५(भाग २) ५५-६७ (सम्पादक श्री बासुदेव न्यौपनेसमेत), राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७५ भाद्र।

## २.२ पक्राउ पुर्जी र समाह्वान[१२]

प्रस्तुत लेख श्री भरतलाल शर्माबाट लेखिएको र महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशन गरिएको *मुलुकी अपराध(संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वियन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्था र सरकारी वकीलको भूमिका, स्रोत सामग्री* प्रकाशित लेख हो। यस लेखमा पक्राउ पुर्जी र समाह्वानको सम्बन्धमा चर्चा गरिएतापनि प्रस्तुत अनुसन्धान प्रयोजनार्थ पक्राउ पुर्जीको सम्बन्धमा मात्र संक्षिप्त रूपमा समीक्षा गरिएको छ। विशेषगरी यस लेखमा अदालतमा उजुरी परेपछि उजुरीसाथ उपस्थित नभएका वा उपस्थित गराउन नसकिएका अभियुक्तहरूलाई अदालतद्वारा जारी गरिने पक्राउ पुर्जीको सम्बन्धमा चर्चा गरिएको छ। नेपाल सरकारवादी हुने मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा पक्राउ नपरेका प्रतिवादीहरू उपर समेत सम्बन्धीत अदालतमा अभियोग पत्र प्रस्तुत भएको रहेछ वा ऐनको अनुसूची ४ मा उल्लिखित व्यक्ति वादी हुने फौजदारी कसूर र अनुसूची ४ मा उल्लिखित कसूर बाहेकको मुद्दाहरूको सम्बन्धमा उजुरी (फिराद पत्र, अभियोग पत्र वा प्रतिवेदन)मा प्रतिवादी बनाइएका कसूरदार वा अभियुक्तहरू उपर लगाइएको अभियोगको बारेमा सूचना गर्ने कानूनी माध्यमको रूपमा पक्राउ पुर्जी र समाह्वान रहेको, उजुरी (फिराद पत्र, अभियोग पत्र वा प्रतिवेदन) सम्बन्धित अदालतमा प्रस्तुत भएपश्चात् अदालतमा उपस्थित नरहेका अभियुक्तहरूलाई अदालतमा उपस्थित गराउन आवश्यकता अनुसार पक्राउ वा समाह्वान जारी गरी उपस्थत गराई मुद्दाको कारवाही प्रकृया आरम्भ गरिने सम्बन्धमा चर्चा यस लेखमा गरिएको पाइन्छ।

## २.३ स्वच्छ सुनुवाइ सम्बन्धी अवधारणा[१३]

प्रस्तुत लेख माननीय जिल्ला न्यायाधीश श्री सूर्य पराजूलीबाट लेखिएको र राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालबाट प्रकाशन गरिएको *न्याय प्रशासनमा मानव अधिकार स्रोत सामग्री भाग दुई* मा प्रकाशित लेख हो। विशेषगरी यस लेखमा पक्राउ तथा थुनामा राख्ने सम्बन्धी राज्यका अधिकारहरू नियमित गर्ने केही आधारभूत अन्तर्राष्ट्रिय नियमहरूका विषयमा तथा गैरकानूनी र स्वच्छेचारी रूपमा मानिसका स्वतन्त्रता हनन् हुने कार्यलाई रोक्ने सम्बन्धी केही कानूनी प्रावधानबारे चर्चा यस लेखमा गरिएको छ। अन्तर्राष्ट्रिय नियमहरूको परिपालना, मानव मर्यादा लगायतका प्रत्येक मानिसका अधिकार र स्वतन्त्रताको सम्मानलाई सुनिश्चित गर्ने अपरिहार्य शर्त भएको, प्रत्येक व्यक्तिका व्यक्तिगत स्वतन्त्रता र सुरक्षा सम्बन्धी अधिकारको प्रभावकारी सुनिश्चितताबाट राज्यहरू आफ्नै आन्तरिक सुरक्षाको प्रवर्द्धन गरिरहेका र यसबिना मानव अधिकारको पूर्ण अभ्यास सम्भव नहुने विषयमा चर्चा यस लेखमा गरिएको छ। त्यसैगरी यस लेखमा नेपालले मानव अधिकार सम्बन्धमा विकसित अधिकांश मान्यताहरूलाई सन्धि सम्झौतामा हस्ताक्षर

---

[१२] भरतलाल शर्मा, *पक्राउ पुर्जी र समाह्वान,* मुलुकी अपराध (संहिता) ऐन,२०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन,२०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यगस्था र सरकारी वकीलको भूमिका, स्रोत सामग्री १३२-१३५,(सम्पादक श्री किरण पौडेलसमेत), महान्यायाधिवक्ताको कार्यालय,नेपाल ,रामशाहपथ, काठमाडौं, २०७४ मंसिर।

[१३] सूर्य पराजुली , *स्वच्छ सुनुवाइ सम्बन्धी अवधारणा,* न्याय प्रशासनमा मानव अधिकार स्रोत सामाग्री (भाग २) ४७७-५०४ , (सम्पादन राधवलाल बैद्यसमेत), राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन, ललितपुर,२०७१ असार।

सम्मिलन, अनुमोदन एवम् राष्ट्रिय कानूनको निर्माण मार्फत स्वीकार गरेको, नेपालमा अदालती अभ्यास पनि स्वतन्त्रता र मानव अधिकारको संरक्षण र सम्बर्द्धनको पक्षमा र गैरकानूनी पक्राउ र थुनाको बिरूद्धमा देखिएको अवस्था उपर प्रकाश परिएको छ।

## २.४ अनुसन्धान अन्तराल

प्रस्तुत अनुसन्धानमूलक लेख र रचनाहरु विशेषगरी फौजदारी मुद्दामा कुनै पनि व्यक्तिलाई पक्राउ गर्नुको उद्देश्य अपराध अनुसन्धान कार्यलाई परिणाममूखी बनाउनु हो तर यसरी पक्राउ गर्दा कानूनले निर्धारण गरेको प्रावधान अनुसारमात्र गर्नुपर्ने, अदालतमा उजुरी परेपछि उजुरीसाथ उपस्थित नभएका वा उपस्थित गराउन नसकिएका अभियुक्तलाई अदालतद्वारा जारी गरिने पक्राउ पुर्जीको चर्चा र पक्राउ तथा थुनामा राख्ने सम्बन्धी राज्यका अधिकारहरु नियमित गर्ने आधारभूत अन्तर्राष्ट्रिय नियमहरुका विषयको चर्चामा केन्द्रित रहेको पाइन्छ। तर उल्लिखित लेख र रचनाहरुले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न सकिने व्यवस्था अनुसार उप-दफा २ र ६ अनुसार क्रमशः मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ पुर्जी र तत्काल पक्राउ पुर्जी जारी गरी पक्राउ गरिने व्यवहारिक अभ्यासको अवस्थामा चर्चा गरेको पाँईदैन। त्यसैले प्रस्तुत अनुसन्धान अन्तरालले पक्राउ पुर्जी र जरुरी पक्राउ पुर्जीसम्बन्धी कानूनी व्यवस्थाको प्रयोग तथा अभ्यासको सन्दर्भमा वृहत्त अध्ययन तथा अनुसन्धानको अपरिहार्यतालाई उजागर गर्दछ।

# परिच्छेद - तीन

# अनुसन्धान पद्धति

यस अनुसन्धानमा आवश्यकता अनुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएका छन्।

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धान मुलुकी फौजदारी कार्यवधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ मुद्दा हेर्ने अधिकारीको अनूमति लिई पक्राउ पुर्जी र उप-दफा ६ मा तत्काल जरुरी पक्राउ पुर्जी जारी पक्राउ गर्ने व्यवस्थाको प्रयोग र अभ्यासको अवस्थालाई वैज्ञानिक ढंगले वर्णन र विश्लेषण गर्ने प्रयास गरिएको एउटा सैद्धान्तिक र गुणात्मक अनुसन्धान (Doctrinal and Qualitative Research) हो। त्यसैले यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान ढाँचा (Descriptive Research Design) को प्रयोग गरिएको छ।

## ३.२ नमूना छनौट ढाँचा

### *३.२.१ अनुसन्धानको समग्रता*

नेपालको ७७ वटा जिल्ला सरकारी वकिलको कार्यालयहरूको वेबसाइटमा आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत अपलोड गरिएका २०८०।०४।१ देखी २०८०।१०।२९ गतेसम्मको अभियोगपत्र तथा मुद्दाहरू यस अनुसन्धानको समग्रता (Universe) हो।

### *३.२.२ अनुसन्धानको जनसंख्या*

नेपालको ७७ वटा जिल्ला सरकारी वकीलको कार्यालयहरू मध्ये मुगु, भोजपुर, सुर्खेत, धनुषा र काठमाडौं गरी जम्मा ५ वटा जिल्ला सरकारी वकिलको कार्यालयको वेबसाइटमा आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत अपलोड गरिएका २०८०।०४।१ देखी २०८०।१०।२९ गतेसम्मको अभियोगपत्र तथा मुद्दाहरूमात्र यस अनुसन्धानको जनसंख्या (Population) हो।

### *३.२.३ नमुना छनौट विधि*

झुण्ड/गुच्छा नमुना छनौट विधि (Cluster Sampling or Subsampling Method) अनुसार प्रस्तुत अनुसन्धानको जनसंख्याको रुपमा रहेका ५ वटा जिल्ला सरकारी वकिलको कार्यालयहरु मध्ये प्रत्येक जिल्ला सरकारी वकीलको कार्यालयको वेबसाइटमा आर्थिक बर्ष २०८०/०८१ अन्तर्गत मिति २०८० श्रावण देखी २०८० माघ मसान्तसम्म अपलोड भएका अन्तरजातीय जनसंख्या (Hetrogeneuous Population) को रुपमा रहेका विभिन्न अभियोगपत्र तथा मुद्दाहरूलाई सजातीय जनसंख्या (Homogeneuos Population) को रुपमा तह (strata) मिलाएर कूल जनसंख्याको कम्तिमा १० प्रतिशत[१४] भन्दा बढी हुने गरी साधारण दैवी नमूना छनौट विधि (Simple Random Sampling)[१५] अनुसार कूल ३६० वटा अभियोग पत्र तथा मुद्दा नमूनाको रूपमा छनौट गरिएको छ।

---

[१४] प्रा.ड. दहाल पेशलस र प्रा. खतिवडा सोमप्रसाद, अनुसन्धान पद्धती,(२०७७), प्रकाशाकः पैरवी बुक हासउस प्रा.लि. पृ.१९०।

[१५] Dr. MYNENI S. R., LEGAL RESEARCH METHODOLOGY, (2001), Published By; Allahabad Law Agency, Plot No.33,16/2, Mathura Road, Faridabad (HARYANA), पृ. १२४ -१२५।

## ३.३ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययन कानून तथा न्याय क्षेत्रमा गरिएको सैद्धान्तिक र गुणात्मक अनुसन्धान (Doctrinal and Qualitative Research) भएको हुँदा आवश्यकता अनुसार प्राथमिक र द्वितीयक तथ्याङ्क (Primary and Secondary Data) देहाय अनुसारको तथ्याङ्क सङ्कलन विधि र प्रविधि (Data collection method & techquinic) को प्रयोग गरी तथ्याङ्क सङ्कलन गरएका छन्।

### *३.३.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि*

प्रस्तुत अनुसन्धानमा नमुना छनौटमा परेका ३६० वटा अभियोगपत्र तथा मुद्दाहरुको कागजात तथा अभिलेख अध्ययन वा विश्लेषण विधि (Document Study or Document Aylaysis method)[१६] अन्तर्गत विषयगत विश्लेषण प्रविधि (Thematic Analysis Technique)[१७] अनुसार पक्राउ पुर्जी र जरुरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्ने कानूनी व्यवस्थाको प्रयोग तथा अभ्यासको सम्बन्धमा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ।

### *३.३.१ द्वितीयक तथ्याङ्क सङ्कलन विधि*

प्रस्तुत अनुसन्धान प्रतिवेदन तयारीका सिलसिलामा पुस्तकालय र विद्यूतीय माध्यमबाट विभिन्न लेख, सामाचार, पुस्तक, पूर्व अनुसन्धान प्रतिवेदन तथा अनुसन्धान कृतिहरूबाट पक्राउ पुर्जी सम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.४ तथ्याङ्कको प्रशोधन, प्रस्तुतीकरण, विवेचना र विश्लेषण

यस अनुसन्धानका प्राथमिक तथा द्वितीयक तथ्याङ्कीय स्रोतहरूबाट संकलित तथ्याङ्कलाई प्रशोधन र विभिन्न बृत्त चित्रहरूमा प्रस्तुतीकरण गरी आवश्यकता अनुसार विवेचना र विश्लेषण गरिएको छ।

## ३.५ अनुसन्धानको लागि लागेको समयावधि र स्रोत

देहायको तालिकामा उल्लेख गरिएको र्निधारित समय सीमा भित्र नै सम्पन्न गरिएको प्रस्तुत अनुसन्धानको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट स्वीकृत भएबमोजिम उपलब्ध भएको हो।

---

[१६] Glenn A,Bowen, Document Analysis as Qualitative Research Method, हेर्नुहोस् https://biotap.utk.edu/wp-content/uploads/2019/02/document-analysis.pdf, हेरिएको मिति : २०८१ भदौ १६।

[१७] Armstrong chanda, Key Methods Used in Qualitative Document Analysis, हेर्नुहोस्, https://papers.ssrn.com/sol3/papers.cfm?abstract_id=3996213, हेरिएको मिति : २०८१ भदौ १६।

**तालिका नं. १**

| क्र.सं. | कार्यक्रम | मासिक कार्यतालिका | | | |
|---|---|---|---|---|---|
| | | कार्तिक-मंसिर २०८० | पुस-माघ-फागुन २०८० | चैत-वैशाख २०८०/०८१ | जेठ २०८१ |
| १. | प्रस्ताव लेखन | | | | |
| २. | तथ्याङ्क संकलन | | | | |
| ३. | तथ्याङ्क प्रशोधन र प्रस्तुतीकरण, विवेचना र विश्लेषण | | | | |
| ४. | नतिजा, निष्कर्ष र सुझाव | | | | |

### ३.६ अनुसन्धानको भाषा

प्रस्तुत अनुसन्धान नेपाली भाषामा तयार गरीएको छ।

# परिच्छेद - चार
# पक्राउ सम्बन्धी अवधारणागत पक्ष

## ४.१ पृष्ठभूमि

व्यक्तिगत स्वतन्त्रता कुनै पनि व्यक्तिको अहरणीय अधिकार भएकोले यसको संरक्षण गर्नु राज्यको कर्तव्य हुन्छ। पक्राउले व्यक्तिको यस अधिकारलाई आघात गर्ने भएतापनि अपराध अनुसन्धान तथा न्यायिक प्रक्रियाको क्रममा कसूरसँग सम्बन्धीत सशंकित व्यक्तिलाई पक्राउ गर्नु पर्ने राज्यको बाध्यता हुन्छ। यसरी बाध्यत्मक अवस्थामा पक्राउ गर्दा पनि उक्त सशंकित व्यक्तिको पक्राउ कानून बमोजिम हुनुपर्दछ र कमभन्दा कम स्वतन्त्रताको हनन् गरिनुपर्दछ।

## ४.२ पक्राउको अर्थ र परिभाषा

पक्राउ भनेको सामान्यतया कथित अनुसन्धान वा अपराधको रोकथामको सम्बन्धमा व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गर्ने र फौजदारी न्याय प्रणालीको भागको रूपमा एउटा प्रक्रियाको लागि प्रस्तुत गर्ने कार्य हो।[१८] अर्थात कानून बमोजिम कसूर मानिने कार्यमा संलग्न व्यक्तिलाई अनुसन्धानका लागि अधिकार प्राप्त अधिकारीबाट नियन्त्रणमा लिने वा थुनामा राख्ने कार्य नै पक्राउ हो। "Arrest" अर्थात "पक्राउ" शब्द Anglo-Norman मूलको हो र French शब्द "arret" सँग सम्बन्धित छ जसको अर्थ "stop" अर्थात "रोक्नु" हो।[१९] अक्सर पक्राउ कसैलाई केही गर्न वा भाग्नबाट रोक्नको लागि गरिन्छ।[२०] जब कुनै अधिकार प्राप्त अधिकारीले कसैलाई हिरासत वा नियन्त्रणमा लिन्छ तब पक्राउ हुन्छ।[२१] यसै सन्दर्भमा पक्राउलाई बृहत र स्पष्ट रूपमा बुझ्नको लागि पक्राउ सम्बन्धी बिभिन्न परिभाषाहरूलाई देहाय अनुसार प्रस्तुत गरिएका छन;

- Black's Law Dictionary ले पक्राउ (Arrest) लाई "*The taking or keeping of a person in custody by legal authority especially in response to a criminal charge.*"[२२] अर्थात आपराधिक कार्यमा संलग्न व्यक्ति उपर प्रतिकार्य स्वरूप अधिकार प्राप्त अधिकारीले व्यक्तिलाई हिरासतमा लिनु वा राख्नु भनी परिभाषित गरेको पाइन्छ।
- Cambridge Dictionary[२३] ले पक्राउ (Arrest) लाई "*the act of using legal authority to catch and take someone to a place where the person may be accused of a crime."* [२४] अर्थात कसैलाई समात्न र त्यस्तो ठाउँमा लैजानको लागि कानूनी अधिकार प्रयोग गर्ने कार्य जहाँ व्यक्तिलाई अपराधको आरोप लाग्न सक्छ भनी परिभाषित गरिएको पाइन्छ।
- Oxford Learner's Dictionaries[२५] ले पक्राउ (Arrest) लाई "if the police arrest somebody, the person is taken to a police station and kept there because the police believe they may be guilty of a

---

[१८] Dr. Ashustosh, Bail Law & Procedure 9( LAW &JUSTICE PUBLISHING CO.Reprint 2023).
[१९] Dr. Ashustosh, Bail Law & Procedure 9( LAW &JUSTICE PUBLISHING CO.Reprint 2023).
[२०] हेर्नुहोस्, https://www.dictionary.com/browse/arrest , हेरिएको मितिः २०८१/०१/७।
[२१] हेर्नुहोस् https://www.lawinfo.com/resources/criminal-defense/arrest-definition.html , हेरिएको मितिः २०८१/०१/७।
[२२] BLACK'S LAW DICTIONARY, EIGHT EDITION,BRYAN A.GARNER, CHDITOR IN CHIEF,पृ.११६।
[२३] हेर्नुहोस् https://dictionary.cambridge.org/about.html, हेरिएको मिति : २०८१/०१/७।
[२४] हेर्नुहोस् https://dictionary.cambridge.org/dictionary/english/arrest हेरिएको मिति : २०८१/०१/७।
[२५] हेर्नुहोस् https://global.oup.com/about/?cc=np, हेरिएको मिति : २०८१/०१/७।

crime."[२६] अर्थात यदि पुलिसले कसैलाई पक्राउ गर्छ भने, व्यक्तिलाई प्रहरी चौकीमा लगिन्छ र त्यहाँ राखिन्छ किनभने पुलिसले उनीहरूलाई अपराध गर्न सक्छ भन्ने विश्वास गर्दछ।

- Dictionary.com[२७] ले पक्राउ (Arrest) लाई *"An arrest is the act of police or other law enforcement officials detaining someone suspected of committing a crime when there is probable cause."*[२८] अर्थात पक्राउ भनेको पुलिस वा अन्य कानून कार्यान्वयन गर्ने अधिकारीहरूको कार्य हो जुन सम्भावित कारण हुँदा अपराध गरेको संदिग्ध कसैलाई हिरासतमा लिन्छ भनी परिभाषित गरेको पाइन्छ।
- Vocabulary.com[२९]ले पक्राउ (Arrest) लाई *"To arrest someone is to put them in custody for breaking the law."*[३०] अर्थात कसैलाई गिरफ्तार गर्नु भनेको कानून उल्लङ्घन गरेकोमा हिरासतमा राख्नु हो भनी परिभाषित गरेको पाइन्छ।
- Cornell Law School[३१] ले पक्राउ (Arrest ) लाई *"An arrest is the use of legal authority to deprive a person of their freedom of movement."*[३२] अर्थात गिरफ्तारी भनेको कानूनी अख्तियारको प्रयोग हो जसले व्यक्तिलाई उनीहरूको हिडडूलको स्वतन्त्रताबाट वञ्चित गर्दछ भनी परिभाषित गरेको पाइन्छ।
- Lawyerment[३३] ले पक्राउलाई (Arrest) लाई *"An arrest is the act of depriving a person of his or her liberty usually in relation to the investigation and prevention of crime."*[३४] अर्थात पक्राउ भनेको अपराधको अनुसन्धान र रोकथामको सम्बन्धमा सामान्यतया व्यक्तिको स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य हो भनी परिभाषित गरेको पाइन्छ।
- THE DICTIONARY OF CRIMINAL JUSTICE ले पक्राउ (Arrest) लाई "The legal detainment of a person to answer for criminal charge."[३५] अर्थात आपराधिक आरोपहरूको लागि जवाफ दिन एक व्यक्तिको कानूनी हिरासत भनी परिभाषित गरिएको पाइन्छ।
- Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment ले पक्राउ (Arrest) लाई "Arrest" means the act of apprehending a person for the alleged commission of an offence or by the action of an authority;"[३६] अर्थात "पक्राउ" भन्नाले कुनै

---

[२६]हेर्नुहोस् https://www.oxfordlearnersdictionaries.com/definition/english/arrest_1, हेरिएको मिति : २०८१/०१/७।
[२७]हेर्नुहोस् https://www.dictionary.com/e/about/ ,हेरिएको मिति : २०८१/०१/७।
[२८] हेर्नुहोस् https://www.dictionary.com/browse/arrest , हेरिएको मिति : २०८१/०१/७।
[२९]हेर्नुहोस् https://www.vocabulary.com/about/, हेरिएको मिति : २०८१/०१/७।
[३०]हेर्नुहोस् https://www.vocabulary.com/dictionary/arrest , हेरिएको मिति :२०८१/०१/७।
[३१]हेर्नुहोस् https://www.law.cornell.edu/lii/about/about_lii, हेरिएको मिति : २०८१/०१/७।
[३२]हेर्नुहोस् https://www.law.cornell.edu/wex/arrest , हेरिएको मिति : २०८१/०१/७।
[३३] हेर्नुहोस् https://www.lawyerment.com/info/, हेरिएको मिति : २०८१/०१/८।
[३४] हेर्नुहोस् https://dictionary.lawyerment.com/topic/arrest/, हेरिएको मिति : २०८१/०१/८।
[३५] THE DICIONARY OF CRIMINAL JUSTICE, Fifth Edition,George E.Rush,Dushkin/McGraw-Hill, पृ.२०।
[३६] Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment,1988, Use of Terms, For the purposes of the Body of Principles(a).

व्यक्तिलाई निजले गरेको भनिएको कुनै कसूरजन्य कार्य निमित्त वा कुनै अधिकारीको कारबाही स्वरूप पक्रने वा गिरफ्तार गर्ने कार्य सम्झनुपर्छ[३७] भनी परिभाषित गरेको पाइन्छ।

माथी उल्लिखित विभिन्न परिभाषाहरूको आधारमा पक्राउ कुनै व्यक्तिलाई उसले गरेको कथित अपराधको लागि फौजदारी अभियोगको जवाफ दिन हिरासतमा राख्ने कानूनी विधि हो।[३८] कानून बमोजिम कसूर मानिने कार्यमा संलग्न व्यक्तिलाई अनुसन्धानका लागि अख्तियार प्राप्त अधिकारीबाट नियन्त्रणमा लिने वा थुनामा राख्ने कार्य नै पक्राउ हो। अतः "पक्राउ" (Arrest ) शब्दले केही वास्तविक वा ग्रहण गरिएको कानूनी अधिकार अन्तर्गत व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएको अवस्थालाई जनाउँछ।[३९] जब "पक्राउ" शब्दलाई यसको सामान्य र प्राकृतिक अर्थमा प्रयोग गरिन्छ तब यसको अर्थ कुनै व्यक्तिको पक्राउ वा कुनै व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गर्नु हुन्छ।[४०]

### ४.३ पक्राउ गर्नुको मुख्य उद्देश्य तथा कारणहरू

फौजदारी कसूर भएकोमा आरोपित वा शङ्कास्पद व्यक्तिलाई पक्राउ गर्ने राज्यको एक स्थापित अधिकारको रूपमा मानिन्छ। अनुसन्धानलाई सहज र सफल बनाउन, अभियुक्तको अदालतमा उपस्थितिको सुनिश्चतता कायम गर्न, प्रमाणको संरक्षण गर्न र अभियुक्त स्वंयको शारीरिक जाँच गर्नु पर्ने जस्ता कार्य सम्पन्न गर्नको लागि कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्नु पर्ने हुन्छ।[४१] अपराध अनुसन्धानको क्रममा कुनै पनि शंकित व्यक्तिलाई पक्राउ गर्नुको मुख्य उद्देश्य तथा कारणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएका छन्।[४२]

- कसूरको सम्बन्धमा गरिने अनुसन्धानलाई सहज बनाउन र व्यक्तिको सुरक्षाको अधिकार सुरक्षित गर्न,
- कसूरसँग सम्बन्धीत प्रमाण सङ्कलन गर्न तथा संलग्न गर्न तथा संलग्न अन्य अभियुक्त पत्ता लगाउन,
- प्राप्त हुनसक्ने सबुद प्रमाणको संरक्षण गर्न,
- अभियुक्तको अदालतमा उपस्थिति सुनिश्चित गर्न,
- अभियुक्तलाई सम्भावित अपराध गर्न वा थप अपराध गर्नबाट रोक्न,
- अभियुक्त स्वयंको सुरक्षा गर्न।

---

[३७] जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङग्र, १९८८, पद पदावलीको प्रयोग, सिद्धान्तसङ्ग्रहको प्रयोजनको लागिः (क)।

[३८] RIGHT TO BAIL, EDITED BY;S.K.Verma,Edition 2000,INDIAN LAW INSTITUTE,पृ.९२।

[३९] Kelkar, R. V. (1980). LAW OF ARREST : SOME PROBLEMS AND INCONGRUITIES. *Journal of the Indian Law Institute*, *22*(3), 314–321. http://www.jstor.org/stable/43950695 (८,बैशाख २०८१)।

[४०] Dr. Ashustosh, Bail Law & Procedure 9( LAW &JUSTICE PUBLISHING CO.Reprint 2023).

[४१] फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता , २०६७, दफाबार व्याख्यात्मक टिप्पणी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन,ललितपुर, पृ.२९।

[४२] शिवबहादुर रानाभाट, *पक्राउ, म्यादथप, अभियोगपत्र र थुनछेक आदेश,* देवानी तथा फौजदारी संहिता स्रोत सामग्री, २०७५ (भाग २)५५-८१, (सम्पादन बासुदेव न्यौपाने समेत), राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैजु, काठमाडौ, २०७५ असाढ।

### ४.४ पक्राउका आवश्यक तत्वहरू

पक्राउ हूनको लागि  देहायमा उल्लिखित चार आवश्यक तत्त्वहरू (Four Elements of Arrest) हुन आवश्यक हुन्छ। यद्यपी यी तत्त्वहरूले पक्राउको वैधानिकतालाई सम्बोधन नगरी पक्राउ भएको वास्तविक अवस्थालाई मात्र स्पष्ट पार्दछ। [४३]

*४.४.१ गिरफ्तार गर्ने अधिकारः* पक्राउ वैध हुनको लागि पक्राउ गर्ने अधिकारीसँग पक्राउ गर्ने कानूनी अधिकार हुनुकासाथै  पक्राउ कानूनी अधिकारमा आधारित हुनुपर्छ। जस्तैः पक्राउ पुर्जी पक्राउ गर्ने अधिकारीको उपस्थितिमा कसूर घटेको अवस्थामा आदी।

*४.४.२ पक्राउ गर्ने मनसायः* अधिकार प्राप्त अधिकारीको कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने मनसाय हुनुपर्दछ। पक्राउ पर्ने मनसाय कसरी प्रदर्शन गरिएको छ भन्ने कुरा एउटा विवेकी व्याक्तिलाई परिस्थितिको समग्रताको आधारमा कस्तो महसुस हुनेछ भनेर मापन गरिन्छ। शब्दहरूले मात्र एउटा पक्राउलाई स्थापित गर्दैन। एउटा विवेकी व्यक्तिलाई उनीहरू कतै जानको लागि स्वतन्त्र छैनन् र पक्राउ परेका छन् भन्ने कुरा उनीहरूलाई विश्वास दिलाउने गरी पक्राउ गर्ने अधिकारीको मनसाय सञ्चार गरिएको हुनुपर्दछ।

*४.४.३ कब्जा र हिरासतः* कसैलाई सशारिर हिरासतमा लिनु; एउटा व्यक्तिको कब्जा वा हिरासतले उसलाई उसको स्वतन्त्रताबाट प्रभावकारी रूपमा बञ्चित गर्दछ जुन बलको प्रयोग गरी वा नगरी गरिन्छ। शब्दहरूले मात्र पक्राउ स्थापित गर्दैन बरू शारीरिक नियन्त्रण र हिरासतले अधिकारीको पक्राउ गर्ने मनसायलाई प्रकट गर्दछ।

*४.४.४ व्यक्तिगत बुझाइः* पक्राउ परेका व्यक्तिहरूमा उनीहरू पक्राउ परेका छन् भन्ने केही बुझाइ हुनुपर्दछ। यो "तपाईंलाई पक्राउ गरिन्छ"भन्न जत्तिकै सरल हुन सक्छ तर यो आवश्यक छैन कि यस्तै हुनुर्पछ।यसका साथै पक्राउको लागि यी शब्दहरू भन्नै पर्ने आवश्यक पनि हुदैन।

पक्राउ गरिएको व्यक्तिले उसको हिरासतको अवस्थाको बारेमा स्पष्ट रूपमा बयान दिएको होस् वा नहोस् कार्यहरूलेनै कुनै  पनि व्यक्ति पक्राउ परेको दृढतापूर्वक संकेत गर्दछ। जस्तै; यदि एउटा अधिकारीबाट कुनै  व्यक्तिलाई हथकडी लगाइन्छ, तल झूकाएर शरीरको तलाशी लिइन्छ र सवारी साधनको पछाडीको सिटमा राखिन्छ भने एक विवेकी व्यक्तिले पक्राउ गर्ने अधिकारीले केही नभने पनि आफू पक्राउ परेको मान्दछ। यस अवस्थामा व्यक्तिलाई स्वतन्त्र छाड्न सकिदैन र उनको सामान्य स्वतन्त्रतालाई उल्लेखनिय रूपमा सिमित गरिन्छ।

त्यसैगरी अन्य परिस्थितिहरूमा उल्लिखित कार्यहरू पक्राउ नगरी गर्न सकिन्छ। जस्तो की ड्रग्सको  प्रभाव अन्तर्गत रहेको अत्यधिक आक्रामक वा हिंसात्मक व्यक्तिलाई हथकडी लगाइन्छ वा अत्यधिक चिसो, गर्मी वा अन्य खतरनाक मौसमबाट जोगाउन सवारी साधनमा राखिन्छ। यी कार्यहरू पक्राउ नभई व्यवहारिक

---

[४३] हेर्नुहोस् https://mpdc.dc.gov/sites/default/files/dc/sites/mpdc/publication/attachments/4.1%20Criminal%20Law.pdf , हेरिएको मिति : २०८१/०१/११।

कार्यहरूको रूपमा हुनेछ तर यसको बारेमा व्यक्तिलाई स्पष्ट व्याख्या गरिनु पर्दछ। अन्यथा उसले आफुलाई पक्राउ गरिएको महसुस गर्न सक्दछ। देहायमा उल्लिखित परिस्थितिहरूमा पक्राउको लागि बुझ्नु वा महसुस गर्नु पर्ने तत्त्वको आवश्यकता पर्दैन।

- यदि संदिग्ध वा पक्राउ परेको व्यक्ति ड्रग्स वा मदिराको प्रभावमा छ र के भइरहेको छ भनेर बुझ्न असमर्थ छ भने।
- यदि संदिग्ध वा पक्राउ परेको व्यक्ति मानसिक रूपमा अस्थिर छ भने।
- यदि संदिग्ध वा पक्राउ परेको व्यक्ति बेहोश छ भने।

## ४.५ पक्राउ पुर्जी जारी गरी पक्राउ

कसूरजन्य कार्यको अनुसन्धानको चरण वा पक्रियामा कुनै पनि व्यक्तिलाई पक्राउ गर्नु पर्ने हुन्छ। यसरी कुनै पनि व्यक्तिलाई पक्राउ गर्नको लागि पक्राउ पुर्जी (Arrest Warrant) को आवश्यक पर्दछ। व्यक्तिको वैयक्तिक स्वतन्त्रता राज्यका तर्फबाट बाध्यात्मक परिस्थितिमा बाहेक अपहरण गर्दा राज्यले अन्तर्राष्ट्रिय कानूनले निर्धारण गरेका मान्यतालाई आत्मसात गर्दै कानूनको नियमित प्रक्रिया (Due process of law) पुरा गर्नुपर्ने हुन्छ।[४४] त्यसैले पक्राउ गर्नुको कारण सहित पुर्जी जारी गरि पक्राउ गर्नु पर्ने हुन्छ। पक्राउ पर्ने व्यक्तिलाई पक्राउ पुर्जी नदेखाई गरिएको पक्राउ गैरकानूनी पक्राउ अन्तर्गत पर्न जान्छ।[४५]

### *४.५.१.पक्राउ पुर्जीको अर्थ र परिभाषा*

पक्राउ पुर्जीको सन्बन्धमा बृहत बुझाइको लागि केही महत्वपूर्ण परिभाषाहरू देहाय अनुसार प्रस्तुत गरिएका छन्;

- नेपाली कानूनी शब्दकोशमा पक्राउ पुर्जीलाई गिरफ्तारी पुर्जी वा पत्र; पक्राउ गर्नु पर्ने कारण सहितको पत्र भनी[४६] परिभाषित गरेको पाइन्छ।
- कानूनी शब्दकोषमा पक्राउ पुर्जीलाई अदालत वा अधिकार प्राप्त अधिकारीबाट पुलिस वा अन्य अधिकारीका नाउँमा जारी गरिने आदेश, जसमा उल्लिखित व्यक्तिलाई गिरफ्तार गरी सो व्यक्तिमाथि लगाइएको आरोपको प्रतिवाद गर्न वा सो आरोपका सम्बन्धमा जाँच गर्न सो अदालत वा अधिकारीका समक्ष हाजिर गराउन भनिएको हुन्छ[४७] भनी परिभाषित गरिएको पाइन्छ।
- THE DICIONARY OF CRIMINAL JUSTICE ले पक्राउ पुर्जी(Arrest Warrant) लाई "An official document signed by a judge or other authorized court official accusing and individual of a crime

---

[४४] फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोघन र एकिकरण गर्न बनेको विघेयक फौजदारी कार्यविघि संहिता, २०६७, दफाबार व्याख्यात्मक टिप्णी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन,ललितपुर, पृ.२९।

[४५] RIGHT TO BAIL, EDITED BY;S.K.Verma,Edition 2000,INDIAN LAW INSTITUTE,पृ.६५।

[४६] नेपाली शब्दकोश सम्पादकः शङ्कर कुमार श्रेष्ठ, पैरवी प्रकाशन, पृ.३७३।

[४७] कानूनी शब्दकोष, टोपबहादुर सिंह,रत्न पुस्तक भण्डार, भोटाहिटी काठमाणडौ,२०४५, पृ.३५७।

and authorizing law enforcement personal to take that person into custody."[४८] अर्थात अपराधको आरोप लगाउन र त्यस व्यक्तिलाई हिरासतमा लिनको लागि न्यायाधीश वा अन्य अधिकार प्राप्त अदालतका अधिकारीले हस्ताक्षर गरेको आधिकारिक कागजात भनी परिभाषित गरेको पाइन्छ।

- Cornell Law School [४९] ले पक्राउ पुर्जी(Arrest Warrant) लाई "An arrest warrant is a document issued by a judge or magistrate that authorizes the police to take someone accused of a crime into custody."[५०] अर्थात पक्राउ पुर्जीभनेको न्यायाधीश वा मजिस्ट्रेटले जारी गरेको कागजात हो जसले पुलिसलाई अपराधको आरोपमा कसैलाई हिरासतमा लिन अधिकार दिन्छ भनी परिभाषित गरेको पाइन्छ।
- National Center for State Courts (NCSC)[५१] ले पक्राउ पुर्जी(Arrest Warrant) लाई "An arrest warrant is a warrant issued by a public officer which authorizes the arrest and detention of an individual."[५२] अर्थात पक्राउ पुर्जी भनेको अधिकार प्राप्त अधिकारीले जारी गरेको पुर्जी हो जसले कुनै व्यक्तिको पक्राउ र नजरबन्दको लागि अधिकार दिन्छ भनी परिभाषित गरेको पाइन्छ।
- ACTION 4JUSTICE, NIGERIA[५३] ले पक्राउ पुर्जी (Arrest Warrant) लाई "A warrant of arrest is an order issused by a judge or magistrate on behalf of the state, which authorizes the arrest and detention of an individual."[५४] अर्थात पक्राउ पुर्जी भनेको राज्यको तर्फबाट न्यायाधीश वा मेजिस्ट्रेटद्वारा जारी गरिएको आदेश हो जसले कुनै व्यक्तिलाई पक्राउ गर्ने अधिकार प्रदान गर्दछ भनि परिभाषित गरिएको पाइन्छ।

माथी उल्लिखित विभिन्न परिभाषाहरूको आधारमा पक्राउ पुर्जीलाई कुनै व्यक्ति वा व्यक्तिलाई पक्राउ गरी अनावश्यक ढिलाइ नगरी अदालतमा उपस्थित गराउनको लागि आदेश प्रदान गरिएको लिखित आदेशको रूपमा बुझ्न सकिन्छ। अतः पक्राउ पुर्जी भन्नाले कुनै व्यक्तिलाई पक्राउ गर्न न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीले जारी गरेको आदेश हो जसको आधारमा प्रहरीले कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने अधिकार प्राप्त गर्दछ।[५५]

## ४.६ पक्राउ पुर्जी बिना पक्राउ

कुनै पनि व्यक्तिलाई पक्राउ गर्नको लागि सामान्यतया पक्राउ पुर्जी आवश्यक हुन्छ। तर पक्राउको सन्दर्भमा एउटा अपवादको रूपमा प्रहरीले पक्राउ पुर्जी विना पनि पक्राउ गर्न सक्दछ। न्यायिक अधिकारी

---

[४८] THE DICIONARY OF CRIMINAL JUSTICE, Fifth Edition,George E.Rush,Dushkin/McGraw-Hill, पृ.२१।

[४९] https://www.law.cornell.edu/lii/about/about_lii , हेरिएको मिति : २०८१/०१/७।

[५०] https://www.law.cornell.edu/wex/arrest_warrant , हेरिएको मिति : २०८१/०१/७।

[५१] हेर्नुहोस् https://www.ncsc.org/about-us , हेरिएको मिति : २०८१/०१/७।

[५२] हेर्नुहोस् https://www.ncsc.org/wdmtoolkit/business-processes/warrant-process-flow/warrant-types, हेरिएको मितिः २०८१/०१/७।

[५३] हेर्नुहोस् https://nigeria.action4justice.org/about/ , हेरिएको मिति : २०८१/०१/७।

[५४] हेर्नुहोस् https://nigeria.action4justice.org/legal_areas/arrest/elements-of-an-arrest/ , हेरिएको मिति : २०८१/०१/७।

[५५] फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता, २०६७, दफाबार व्याख्यात्मक टिप्णी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन, ललितपुर, पृ.३०।

तथा अधिकार प्राप्त अधिकारीबाट पक्राउ पुर्जी नलिई व्यक्तिलाई पक्राउ गर्ने अधिकार प्रहरी अधिकारीलाई दिइएको हुन्छ। कुनै पनि हुँदै गरेको अपराधिक कार्यलाई रोक्नको लागी यस प्रकारको शक्ति उनिहरूको कर्तव्य पालनाको लागि महत्त्वपूर्ण हुन्छ। यद्यपि, कसैलाई पक्राउ गर्दा उनीहरूको वैयक्तिक स्वतन्त्रतामा उल्लेखनीय असर पर्ने हुनाले यो अधिकार कानूनी रूपमा प्रयोग गरिनु पर्दछ र व्यक्तिहरूलाई भयभित बनाउने वा सजाय दिने मनसायले यसको प्रयोग गर्नु हुँदैन।[५६]

कानून कार्यान्वयनको क्षेत्रमा पक्राउ पुर्जी विनाको पक्राउ सम्बन्धी अवधारणा एउटा आधारशिलाको रूपमा रहेको पाइन्छ, जसले सार्वजनिक सुरक्षा र व्यक्तिगत अधिकारहरू कायम राख्ने बीचको गतिशील अन्तरक्रियालाई मूर्त रूप दिन्छ। पक्राउ पुर्जी रहित पक्राउ अर्थात जसलाई पक्राउ पुर्जी बिनाको पक्राउ भनिन्छ। यसको अभ्यास कानूनी परम्परा र आवश्यकतामा आधारित रहेको पाइन्छ। जसले अधिकारीहरूलाई विशेष परिस्थितिमा अपराध गरेको संदिग्ध व्यक्तिहरूलाई तुरून्तै पक्राउ गर्न अनुमति दिन्छ।

### *४.६.१ पक्राउ पुर्जी विना पक्राउको अर्थ र परिभाषा*

पक्राउ पुर्जी विना पक्राउ गर्ने सन्दर्भमा उपलब्ध भएका केही महत्वपूर्ण परिभाषाहरू देहाय अनुसार प्रस्तुत गरिएका छन् :

- Legal Information Institute Cornell Law School[५७] ले पक्राउ पुर्जी बिनाको पक्राउलाई "Warrantless means that government officers carry out a search or arrest without a warrant or any other legal authorization."[५८] अर्थात पक्राउ पुर्जी बिना पक्राउ भनेको सरकारी अधिकारीहरूले पक्राउ पुर्जी वा अन्य कुनै कानूनी अनुमती बिना नै खोजतलास वा गिरफ्तारी गर्नु हो भनी उल्लेख गरेको पाइन्छ।
- Blacks's Law Dictionary ले पक्राउ पुर्जी बिना पक्राउलाई "This an arrest that is carried out by a peace officer or a private citizen where there is certainty or absolute certainty that a particular crime has been committed."[५९] अर्थात पक्राउ पुर्जी बिनाको पक्राउ कुनै विशेष अपराध भएको निश्चतता वा पूर्ण निश्चितता रहेको अवस्थामा शान्ती अधिकारी (peace officer) वा सर्वसाधारण नागरिकबाट गरिने एउटा पक्राउ हो भनी उल्लेख गरिएको पाइन्छ।

---

[५६] Africa Criminal Justice Reform, ACJR Factsheet- Arrest Without a Warrant in Kenya, May 2020, हेर्नुहोस् https://dullahomarinstitute.org.za/acjr/resource-centre/kenya-arrest-factsheet-24-1.pdf ,मितिः २०८१/०१/९।

[५७] हेर्नुहोस् https://www.law.cornell.edu/lii/about/about_lii, हेरिएको मिति : २०८१/०१/८।

[५८] हेर्नुहोस् https://www.law.cornell.edu/wex/warrantless , हेरिएको मिति : २०८१/०१/७।

[५९] The Law Dictionary, Your Free Online Legal Dictionary • Featuring Black's Law Dictionary, 2nd Ed. हेर्नुहोस् https://thelawdictionary.org/arrest-without-warrant/, हेरिएको मिति : २०८१/०१/७।

- LSD Law[६०] ले जरूरी पक्राउलाई "Arrest without a warrant means taking someone into custody without a written order from a judge. This can happen if a police officer has a good reason to believe that the person has committed a serious crime or if they witness the person committing a crime."[६१] अर्थात पक्राउ पुर्जी बिना गरिने पक्राउ भनेको न्यायाधीशको लिखित आदेश बिना कसैलाई हिरासतमा लिनु हो। यदि कुनै प्रहरी अधिकारीसँग कुनै व्यक्तिले गम्भीर अपराध गरेको छ भन्ने विश्वास गर्ने बलियो कारण छ वा यदि उनीहरूले व्यक्तिलाई अपराध गरेको देख्छन् भने प्रहरी अधिकारीले पक्राउ पुर्जी बिना पक्राउ गर्न सक्छन भनी उल्लेख गरेको पाइन्छ।

उल्लिखित विभिन्न परिभाषाहरूको आधारमा पक्राउ पुर्जी बिनाको पक्राउ भन्नाले प्रहरी तथा अपराध अनुसन्धान अधिकारीबाट बिशेष अवस्थामा मात्र पक्राउ गरिने कार्य हो। पक्राउ पुर्जी बिनाको पक्राउले घटिरहेको कसूर जन्य कार्यलाई तत्काल रोक्न तथा अभियुक्तलाई नियन्त्रणमा लिने बाध्यात्मक अवस्थालाई सम्बोधन गर्दछ। यस्तो पक्राउको लागि प्रहरीलाई समान्य अवस्थामा आवश्यक पर्ने अधिकार प्राप्त अधिकारी तथा न्यायाधीशको पूर्व अनुमति सहितको पक्राउ पुर्जीको आवश्यकता पर्दैन। त्यसैले पक्राउ पुर्जी बिनाको पक्राउलाई एउटा अपवादको रूपमा पनि बुझ्न सकिन्छ। यसरी पक्राउ पुर्जी बिनाको पक्राउ गरिने अधिकारलाई कुनै पनि व्यक्तिको विनाकारण वैयक्तिक स्वतन्त्रता हनन गर्न तथा उनीहरूलाई डरत्रास देखाउनको लागि दूरूपयोग गरिनुहुँदैन।

### *४.६.२ पक्राउ पुर्जी बिना पक्राउको आवश्यकता*

यसमा कुनै शंका छैन कि पक्राउ पुर्जी बिना पक्राउ प्रभावकारी कानून कार्यान्वयनका लागि आवश्यक र सहयोगी दुवै हुन्छ। कानून कार्यान्वयनको क्षेत्रमा पक्राउ पुर्जी बिना पक्राउ गर्ने क्षमता आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई चाँडो र प्रभावकारी ढंगले पक्राउ गर्न महत्वपूर्ण मानिन्छ। यो अभ्यासले कानूनी प्रणालीहरूमा गहिरो रूपमा जरा गाडेको छ, यसको उद्देश्य सार्वजनिक सुरक्षामा तत्काल खतरा रोक्नु र कानूनको शासन कायम राख्नु हो। यसैगरी पक्राउ पुर्जी बिना पक्राउका केही मूख्य आवश्यकताहरूलाई संक्षिप्त रूपमा देहाय अनुसार प्रस्तुत गरिएका छन:[६२]

#### ४.६.२.१ सामुदायिक संरक्षणको लागि आवश्यक (for the protection of community)

पक्राउ पुर्जी बिनाको पक्राउले प्रहरीलाई तत्काल खतराहरू रोक्न, अपराधीहरूलाई तुरून्तै पक्राउ गर्न र अन्यथा हराउन वा क्षतिग्रस्त हुन सक्ने प्रमाणहरूको सुरक्षा गर्नको लागि पनि अनुमती दिने भएकोले पक्राउ पुर्जी बिना पक्राउ समुदायलाई सुरक्षित राख्नको लागि महत्वूर्ण हुन्छ। त्यसैगरी यसले समुदायका

---

[६०] हेर्नुहोस् https://www.lsd.law/about , हेरिएको मिति : २०८१/०१/७।

[६१] LSD Law, accessed on May 17 2024, हेर्नुहोस् https://www.lsd.law/define/warrantless-arrest, हेरिएको मिति : २०८१/०१/७।

[६२] Rocco Tresolini, Richard W. Taylor, Elliott B. Barnett, Arrest Without Warrant: Extent and Social Implications, 46 J. Crim. L. Criminology & Police Sci. 187 (1955-1956), हेर्नुहोस्: https://scholarlycommons.law.northwestern.edu/jclc, हेरिएको मिति : २०८१/०१/७।

मानिसहरूको सुरक्षा गर्न र कानून कार्यान्वयन गर्ने निकायहरू प्रतिको सर्वसाधारण नगारिकको भरोसालाई जिवित राख्न मद्दत गर्दछ।

४.६.२.२ आधुनिक अपराध गतिशीलता को लागी अनुकूलन (adaptability to modern crime dynamics)
पक्राउ पुर्जी बिना पक्राउ महत्त्वपूर्ण छ किनकी यसले प्रहरी अधिकारीलाई आधुनिक अपराधिक क्रियाकलापको प्रतिक्रियामा छिटो र प्रभावकारी रूपमा कार्य गर्न अनुमति दिन्छ, जहाँ द्रुत कार्बाही प्रायः आवश्यक हुन्छ। अपराधीहरूले प्राय; छिटो र अप्रत्याशित रूपमा काम गर्दा पक्राउ पुर्जी बिना पक्राउ गर्ने क्षमताले प्रहरीलाई घटिरहेको अपराधहरूमा तुरून्तै प्रतिक्रिया दिन, अपराधीलाई भाग्नबाट रोक्न र जनताको सुरक्षा गर्नको लागि अनुमति दिन्छ। पक्राउ पुर्जीमा ढिलाइ गर्दा संदिग्धहरूलाई समात्ने वा थप आपराधिक गतिविधिहरू रोक्ने अवसरहरू गुमाउन सक्ने प्रवल संभावना रहने हुदाँ पक्राउ पुर्जी बिनाको पक्राउ सम्बन्धी लचिलोपन समकालीन सन्दर्भमा प्रभावकारी कानून कार्यान्वयनका लागि आवश्यक छ। यसरी आधुनिक आपराधिक व्यवहारको द्रुत गतिमा अघि बढ्ने प्रकृतिसँग तालमेल राख्न प्रहरीका लागि पनि पक्राउ पुर्जी विहीन पक्राउ एउटा महत्वपूर्ण उपकरण हो।

४.६.२.३ स्वतन्त्रता र सुरक्षाको सन्तुलन (balancing liberty and security)
सार्वजनिक सुरक्षा कायम राख्नका लागि पक्राउ पुर्जी बिनाको पक्राउ आवश्यक छ। तर यसको उपयोग व्यक्तिगत अधिकारको रक्षा गर्न र शक्तिको दुरूपयोग रोक्न कानूनी सुरक्षाको ढाँचाभित्र सञ्चालन गरिनु पर्दछ। सुरक्षा अनिवार्यता र नागरिक स्वतन्त्रता बिच सन्तुलन कायम गर्नु, कानून कार्यान्वयनका कार्यहरू वैधानिक, निष्पक्ष र अनुपातिक छन् भनेर सुनिश्चित गर्न महत्त्वपूर्ण छ। त्यसैले सम्बन्धीत अधिकारी र निकायले पक्राउ पुर्जी बिना पक्राउ गर्ने दूरगामी अधिकार प्रयोग गर्दा कानूनको परिधि भित्र रहेर मात्र गर्नुपर्दछ।

४.६.२.४ तत्काल कार्बाहीको लागि आवश्यक( important for immediate action)
कानून कार्यान्वयन गर्ने अधिकारीद्वारा समयमै हस्तक्षेप गरी सामाजिक सुरक्षा र सार्वजनिक व्यवस्था कायम राख्ने महत्त्वपूर्ण दायित्वलाई उजागर गर्दै समाजका लागि आसन्न खतराहरूलाई प्रभावकारी ढङ्गबाट रोकथाम गर्न पक्राउ पुर्जी बिना तत्काल पक्राउ आवश्यक छ। यसले प्रहरी अधिकारीहरूलाई उनीहरूको उपस्थितिमा अपराध गर्दा वा संदिग्ध व्यक्तिले अपराध गरेको विश्वास गर्ने उचित कारण हुँदा उनीहरूलाई छिटो कार्य गरी त्यस्तो संदिग्ध व्यक्तिलाई पक्राउ गर्न र खतरा बढ्न दिन बाट रोक्न अनुमति दिन्छ।

*४.६.३ पक्राउ पुर्जी बिना पक्राउ गर्ने अधिकार*
पक्राउ पुर्जी बिना पक्राउ सामान्यतया अपवाद भए तापनि केही निश्चित परिस्थितिहरूमा अधिकारप्राप्त अधिकारीहरूमा यो शक्ति हुनु आवश्यक हुन्छ। यसले उनीहरूलाई आपतकालिन अवस्थामा छिटो र प्रभावकारी रूपमा कार्य र समुदायको सुरक्षा गर्न अनुमति दिन्छ। यो प्रक्रिया कमन ल (Common Law)

द्वारा समर्थित छ, जसले सामान्य नागरिक (Private Citizen) र प्रहरी अधिकारी (Police Officer) दुबैलाई निश्चित परिस्थितिहरूमा पक्राउ पुर्जी बिना पक्राउ गर्न अनुमति दिन्छ। Comman Law अन्तर्गत देहायका ६ वटा अवस्थाहरूमा सामान्य नागरिक र प्रहरी अधिकारीहरूलाई पक्राउ पुर्जी बिना पक्राउ गर्ने अधिकार प्रदान गरेको पाइन्छ:[६३]

- कसैले पनि त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्छ जसलाई उसले राजद्रोह वा अपराध गर्दै वा गर्ने प्रयास गर्दै गर्दा देख्छ। तर यदि प्रयास बन्द भएको छ भने पक्राउ गर्ने कुनै अधिकार हुने छैन।
- कुनै व्यक्तिले कसैलाई गम्भीर अपराध गरेको देखेमा वा आफ्नो कुनै इन्द्रियबाट नजिकै भइरहेको कुरा थाहा पाएमा उसलाई पक्राउ गर्न सक्छ।
- कसैले गम्भीर अपराध गरेको छ भनेर विश्वास गर्ने भरपर्दो कारण छ भने प्रहरी अधिकारी वा सर्वसाधारण व्यक्ति जो कोहीले पनि त्यो शंकास्पद व्यक्तिलाई पक्राउ गर्न सक्छ चाहे त्यो व्यक्ति पछि निर्दोष साबित भएता पनि।
- यदी कुनै गम्भिर अपराध वास्तविक रूपमा घटिसकेको छ भने एउटा प्रहरी अधिकारीले सो अपराधमा संलग्न भएको संग्दिध व्यक्तिलाई कुनै पनि समयमा पक्राउ गर्न सक्दछ।
- कुनै पनि व्यक्तिले विगतमा शान्ति सुरक्षामा खलल गरेकै आधारमा निजलाई प्रहरी अधिकारी वा सर्वसाधारण नागरिकले पक्राउ गर्न सक्दैन तर उनीहरूकै उपस्थितिमा सो घटना भएमा तत्तकाल र खोजतलास पछि पक्राउ गर्न सक्दछ।
- कानूनी अधिकार बिना कुनै पनि प्रहरी अधिकारी वा सर्वसाधारण नागरिकले शान्ति सुरक्षामा खलल गरेको भन्दा कम गम्भिर प्रकृतिको सामान्य अपराध उनीहरूकै उपस्थितिमा घटेको भएता पनि त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्दैन।

## ४.७ पक्राउ सम्बन्धी केही अन्य मुलुकहरूको कानूनी व्यवस्था र न्यायिक अभ्यास

### *४.७.१ संयुक्त अधिराज्य बेलायत*

शुरूमा बेलायतमा पक्राउ सम्बन्धी ऐन र कमन ल (Common Law) कानून दुवै थिए। हाल उक्त कानूनहरू लिपीबद्ध भएका छन्। हाल बेलायतमा व्यक्ति पक्राउ सम्बन्धी कानूनका रूपमा Police and Criminal Evidence Act ,1984 क्रियाशील छ।[६४] यसको प्रयोग गर्ने मापदण्डको रूपमा PACE Codes of Practice (G) रहेको छ।[६५] Police and Criminal Evidence Act, 1984 (PACE) को भाग ३ मा पक्राउ सम्बन्धी कानूनी व्यवस्था छ। बेलायतको कानून अनुसार देहायमा उल्लेख भए अनुसार दुई प्रकारले पक्राउ गर्ने गरिन्छ:

---

[६३] Rocco Testolini, Richard W. Taylor & Elliott B. Barnet, Journal of Criminal Law and Criminology, Arrest Without Warrant: Extent and Social Implications, हेर्नुहोस् https://scholarlycommons.law.northwestern.edu/cgi/viewcontent.cgi?referer=&httpsredir=1&article=4364&context=jclc , हेरिएको मिति : २०८१/०१/९।

[६४] Police and Criminal Evidence Act 1984 (PACE) codes of practice , हेर्नुहोस् https://www.gov.uk/guidance/police-and-criminal-evidence-act-1984-pace-codes-of-practice, हेरिएको मितिः २०८१।२।१७।

[६५] Police and Criminal Evidence Act 1984 (PACE) codes of practice , हेर्नुहोस् https://www.gov.uk/guidance/police-and-criminal-evidence-act-1984-pace-codes-of-practice, हेरिएको मितिः२०८१।२।१७।

- पक्राउ पुर्जी बिनाको पक्राउः Police and Criminal Evidence Act, 1984 (PACE) को भाग ३,दफा २४ र २४ (क) मा भएको कानूनी व्यवस्था अनुसार पक्राउ पुर्जी बिनाको पक्राउ पनि दुई प्रकारका हुन्छन्।[६६]

  क. प्रहरीले बिना पुर्जी गर्ने पक्राउः प्रहरी (Police Constable) ले कोही व्यक्तिले अपराध गर्न लागिरहेको छ, अपराध गरीरहेको छ वा कसैले अपराध गर्नेछ भनी शंका गर्ने यथेष्ट कारण छ भने वा अपराध गरिसकेको छ र उक्त अपराध गर्नमा दोषी छ वा भइसकेको अपराधको दोषी हो भनी विश्वास गर्ने यथेष्ट कारण भएमा कुनै शंकित व्यक्तिलाई बिना पक्राउ पुर्जी पक्राउ गर्न सक्दछ।[६७]

  ख. अन्य व्यक्तिले बिना पुर्जी गर्ने पक्राउः यदि कुनै अन्य व्यक्तिले निजको वा अन्य कुनै व्यक्तिलाई शारीरीक चोटपटक आउने कुनै गरी कुनै Indictable Offence गरेमा वा यस्तो कार्यले निजको सम्पत्तिमा क्षति पुगेको वा प्रहरीले उक्त व्यक्तिलाई पक्रनु पूर्व नै उक्त व्यक्ति भागेको हुनुपर्ने जस्ता अवस्थामा मात्र अन्य व्यक्तिले बिना पक्राउ पुर्जी Indictable Offence मा संलग्न व्यक्तिलाई पक्रन सक्दछ।

- पक्राउ पुर्जी सहितको पक्राउः पक्राउ पुर्जी सहित पक्राउ गर्ने कानूनी आधार Magistrate Court Act, 1980 हो।[६८] यसको दफा १ मा कुनै व्यक्तिले कुनै आपराधिक कार्य गर्न लागेको शंका लागेमा वा आपराधिक कार्य गरेको भेटिएमा उक्त व्यक्ति विरूद्ध Justice of Peace ले पक्राउ पुर्जी समेत जारी गर्न सक्ने अधिकार दिएको छ।[६९]

पक्राउको सन्दर्भमा बेलायतको सर्वोच्च अदालतबाट प्रतिपादित केही महत्वपूर्ण नजीरहरू देहाय अनुसार संक्षिप्त रूपमा प्रस्तुत गरिएका छन्ः

क. *Entick v. Carrington:*[७०] यो मुद्दा बेलायतको अदालतबाट फैसला भएको युगान्तकारी फैसला हो। यही मुद्दाको जगमा अमेरिकाको संविधानको चौथो संशोधन उभिएको छ।[७१] यसमा वादी John

---

[६६] Police and Criminal Evidence Act 1984, practice,हेर्नुहीस् https://www.legislation.gov.uk/ukpga/1984/60/contents , हेरिएको मिति २०८१।२।१७।

[६७] Police and Criminal Evidence Act 1984, हेर्नुहीस् https://www.legislation.gov.uk/ukpga/1984/60/section/24 , हेरिएको मितिः २०८१।२।१७।

[६८] Magistrate Court Act 1980, हेर्नुहोस् ,https://www.legislation.gov.uk/ukpga/१९८०/४३/section/१, हेरिएको मितिः २०८१।२।१७।

[६९] Magistrate Court Act 1980, हेर्नुहोस् ,https://www.legislation.gov.uk/ukpga/१९८०/४३/section/१, हेरिएको मितिः २०८१।२।१७।

[७०] Christian Burset र T. T. Arvind, A New Report of Entick v. Carrington (1765), हेर्नुहोस् https://scholarship.law.nd.edu /cgi/viewcontent.cgi?article=2435&context=law_faculty_scholarship, पृ २६५-२६६, हेरिएको मितिः २०८१।२।१८।

[७१] Christian Burset र T. T. Arvind, A New Report of Entick v. Carrington (1765), हेर्नुहोस् https://scholarship.law.nd.edu/cgi/ viewcontent.cgi?article=2435&context=law_faculty_scholarship, पृ २६५-२६६, हेरिएको मितिः २०८१।२।१८।

Entick विरूद्ध सरकार विरूद्ध लेख लेख्ने पत्रिका Monitor पत्रिका प्रकाशन गरेको आरोपमा बेलायतका Secretary of State ले पक्राउ पुर्जी जारी गर्छन्। यही पक्राउ पुर्जीको आधारमा Entick लाई अदालतमा पक्राउ गरिन्छ। यस विरूद्ध Entick ले अदालतमा मुद्दा दायर गर्छन् र उनको अनुमति बिना उनको कार्यालयमा प्रवेश गरी Nathan Carrington र अन्य प्रहरीले खानतलासी लिएको आरोप लगाउँछन्।

यस मुद्दामा अदालतले पक्राउ पुर्जी जारी भएर मात्र पुग्दैन। यसको वैधताको लागि यो अधिकार प्राप्त निकायबाट जारी हुनु जरूरी रहेको औल्याएको छ। यस मुद्दामा अधिकार प्राप्त निकायबाट पक्राउ पुर्जी जारी नभएको र यस्तो अवैध पक्राउ पुर्जीको आधारमा गरीएको पक्राउ कानूनको उल्लंघन हुने औल्याएको छ। यस मुद्दाले कानूनी राज्यको अवधारणामा टेकेर राज्यको कानून नागरीक र राज्यका अधिकारी दुवैलाई बराबर रूपमा लागु हुने ठहराएको छ।

ख. *Castorina v. Chief Constable of Surrey:*[७२] यस मुद्दामा कुनै व्यक्ति कसूरजन्य कार्यमा सलंग्न रहेको विश्वास गर्ने आधार के के हुन सक्दछन् भन्ने व्याख्या भएको छ। यस मुद्दामा ठहर भएबमोजिम शंका मात्र कुनै व्यक्तिलाई पक्राउ गर्ने यथेष्ट कारण हुन सक्दैन। शंका कुनै तथ्यमा आधारित हुनुपर्दछ। यस्तो शंका औचित्यपूर्ण (Reasonable) पनि हुनु जरूरी छ।[७३]

### *४.७.२ संयुक्त राज्य अमेरीका*

संयुक्त राज्य अमेरिकाको संविधानमा "पक्राउ" वा "गिरफ्तार" को अर्थ दिने Arrest शब्दको प्रयोग भएको पाइदैन। यस शब्दको व्याख्या र प्रयोग कसरी भएको छ भन्नका लागि ऐन र नजीरको सहारा लिनुपर्ने हुन्छ।

संयुक्त राज्य अमेरिकाको संविधानको सन्दर्भमा पक्राउ सम्बन्धी व्यवस्थाका लागि यस संविधानको चौथो संशोधन कोशेढुङ्गा मानिन्छ। अमेरिकी संविधानको चौथो संशोधनले अमेरिकी जनताको अनुचित पक्राउ निषेध गर्दछ।[७४]यस संशोधनले पक्राउलाई संभावित कारण *"Probable cause"* सँग जोडेर विश्लेषण गरेको छ।[७५] यसको अर्थ अमेरिकी संविधान अनुसार सबै प्रकारका पक्राउ नभइ केवल अनुचित पक्राउ निषेधित छ। यसको सीधा सम्बन्ध अपराध कानूनशास्त्रसँग रहेको देखिन्छ। कस्ता प्रकारका अवस्थामा पक्राउ पुर्जी आवश्यक छ र कस्ता अवस्थामा पक्राउ पुर्जी आवश्यक रहदैन भन्ने निर्धारण अमेरिकी संविधानको

---

[७२] *Castorina v. Chief Constable of Surrey*, The Times, १५ जुन १९८८, उद्रत गरीएको हेर्नुहोस् https://publications.parliament.uk /pa/ld199697/ldjudgmt/jd961214/ohara03.htm, हेरिएको मितिः २०८१।२।१७।

[७३] *Castorina v. Chief Constable of Surrey*, The Times, १५ जुन १९८८, उद्रत गरीएको हेर्नुहोस् https://publications.parliament.uk /pa/ld199697/ldjudgmt/jd961214/ohara03.htm, हेरिएको मितिः २०८१।२।१७।

[७४] What Does the Fourth Amendment Mean?, हेर्नुहोस्,https://www.uscourts.gov/about-federal-courts/educational-resources/about-educational-outreach/activity-resources/what-does-0#:~:text=The%20Constitution%2C%20through%20the%20Fourth,deemed%20unreasonable%20under%20the%20law. ,हेरिएको मिति २०८१।२।३।

[७५] Justia, U.S Supreme Court, Search & Seizure Supreme Court Cases, हेर्नुहोस् https://supreme.justia.com/cases-by-topic/search-seizure/ , हेरिएको मिति २०८१।२।४।

चौथो संशोधनले गरेको छ। यसको व्याख्या अमेरिकी सर्वोच्च अदालतले वभिन्न नजीरहरू मार्फत क्रमिक रूपमा गर्दै आएको पाइन्छ।

अमेरिकी संविधानको चौथो संशोधनको जगमा त्यहाँको पक्राउ सम्बन्धी कानून उभिएको छ। यसका अतिरिक्त विभिन्न राज्यका कानूनले पक्राउ सम्बन्धी कानूनी व्यवस्थालाई क्रियाशील बनाएका छन्। उदाहरणका लागि California Penal Code को दफा ८३६ ले वारेन्ट बिनाको पक्राउ (Warrantless Arrests) को कानूनी व्यवस्था गरेको छ।[७६] क्यालिफोर्नियाको अपराध संहिताको दफा ८३६ को उक्त कानूनी व्यवस्थाले निम्न ६ अवस्थामा वारेन्ट बिना पनि व्यक्तिलाई पक्राउ गर्न सकिन्छः

- The officer has probable cause to believe the suspect committed a crime in the officer's presence; यदि अधिकारप्राप्त अधिकारीलाई शंकित व्यक्तिले निजको उपस्थितिमा नै अपराध गर्न लागेको छ भन्ने विश्वास गर्ने यथेष्ट कारण प्राप्त भएमा,
- The suspect committed a felony whether or not in the officer's presence; यदि शंकित व्यक्तिले कुनै गम्भीर जघन्य अपराध गरेमा,
- The officer has probable cause to believe the suspect committed a felony; यदि शंकित व्यक्तिले जघन्य अपराध गर्दैछ भन्ने विश्वास गर्ने यथेष्ट कारण भएमा,
- The officer has probable cause to believe the suspect violated a domestic violence restraining order; यदि अधिकारप्राप्त अधिकारीलाई शंकित व्यक्तिले घरेलु हिंसा विरूद्धको निषेधात्मक आदेश उल्लंघन गरेको विश्वास गर्ने यथेष्ट कारण भएमा
- The officer has probable cause to believe the suspect committed assault or battery on a family member, current or former dating partner or his/her child, or a person or older; and/or यदि अधिकारप्राप्त अधिकारीलाई शंकित व्यक्तिले परिवारका सदस्य वा पूर्व प्रेमी वा निजका छोराछोरी वा परिवारका जेष्ठ सदस्यमाथि कुटपीट, घरेलु हिंसा गरेको विश्वास गर्ने बलियो आधार भएमा,
- The officer has reasonable cause to believe the suspect carried a concealed firearm in an airport area where the inspection of persons and property controls access. यदि अधिकारप्राप्त अधिकारीलाई शंकित व्यक्तिले विमानस्थल वा अन्य यस्तै स्थानमा लुकाएर बन्दुक वा अन्य यस्तै हातहतियार राखेको विश्वास गर्ने यथेष्ट आधार भएमा।

पक्राउ पुर्जी सम्बन्धी संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले विभिन्न व्याख्या गरेको पाइन्छ। त्यस मध्ये एउटा महत्वपूर्ण प्रतिपादित सिद्धान्तको सारसंक्षेपलाई देहाय अनुसार संक्षिप्त प्रस्तुत गरिएका छन्:

[७६] Shouse Law Group, California Penal Code § 836 PC – Warrantless Arrests, हेर्नुहोस् https://www.shouselaw.com/ca/defense/penal-code/836/ , हेरिएको मितिः २०८१।२।४।

- *Katz v. United States*[७७] : संयुक्त राज्य अमेरिकामा सामान्यतया पक्राउ पुर्जी बिना कुनैपनि व्यक्तिलाई पक्राउ गर्न मिल्दैन। यद्यपी केही अपवादात्मक अवस्थामा भने बिना पक्राउ पुर्जी पनि व्यक्तिलाई पक्राउ गर्न सकिन्छ। यसरी बिना पक्राउ पुर्जी व्यक्तिलाई निम्न अवस्थामहरूमा पक्राउ गर्न सकिन्छ भने संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदादतले सिद्धान्त प्रतिपादित गरेको पइन्छ।
  - पक्राउ पर्ने व्यक्तिको सहमति,
  - आपतकालीन अवस्था,
  - गम्भीर वा जघन्य अपराध गरी व्यक्ति भाग्न लागेको अवस्था,
  - प्रमाण नष्ट गर्न लागेको अवस्था,
  - सवारी साधन भित्र निषेधित वस्तु भण्डारण गरी राखिएको छ भन्ने विश्वास गर्नुपर्ने यथेष्ट कारण भएमा,
  - सामान्यतया मानिसले गोपनीयता दाबी गर्न नसक्ने स्थान जस्तै खुला मैदान वा अन्य देखिने ठाँउमा आपराधिक कार्यको प्रमाण भेटिएमा।

*४.७.३ भारत*

भारतको संविधानको धारा २१ ले कुनै पनि व्यक्तिको जीवन र स्वतन्त्रता यथोचित विधि प्रक्रिया बिना हरण गरीने छैन भनी मौलिक अधिकारको प्रत्याभूति गरेको छ।[७८] त्यसैगरी धारा २२ ले पक्राउ गर्दा वा थुनामा राख्दा व्यक्तिलाई प्राप्त हुने न्यूनतम अधिकार प्रत्याभूत गरेको छ।[७९] पक्राउ सम्बन्धी सामान्य कानूनी व्यवस्था भने भारतमा प्रचलित फौजदारी कार्यविधि संहिता, १९७३ (Code of Criminal Procedure, 1973) मा रहेको छ। यस संहिताको परिच्छेद ५ मा ARREST OF PERSONS सम्बन्धी भएको पाइन्छ।[८०] भारतीय कानून अनुसार पक्राउ सम्बन्धी कानूनी व्यवस्थालाई देहायमा उल्लेख भए अनुसार जम्मा दुई भागमा विभाजन गर्न सकिन्छ:

- पक्राउ पुर्जी बिना तर कानूनको परिधिमा रहेर गरीने पक्राउ (Arrest without warrant but within the parameters of law): भारतीय फौजदारी कार्यविधि संहिता, १९७३ को दफा ४१,४२ र १५१ अनुसार कुनै व्यक्तिले गम्भीर अपराध गरेमा,चोरिएको सम्पत्ति भोग गरेको भेटिएमा, राज्यबाट कुख्यात अपराधी घोषित भएमा वा प्रहरी अधिकारीको कर्तव्य पालनामा व्यावधान खडा गरेमा वा कानून

[७७] Katz V. United States, 389 U.S, 347 उद्धृत गरीएको Cornell Law School , Legal Information Institute, हेर्नुहोस् , https://www.law.cornell.edu/wex/warrantless ,हेरिएको मिति २०८१।२।४।

[७८] भारतको संविधानको धारा २१, हेर्नुहोस् https://cdnbbsr.s3waas.gov.in/s380537a945c7aaa788ccfcdf1b99b5d8f/uploads/2023/05/2023050195.pdf, हेरिएको मिति २०८१।२।१४।

[७९] भारतको संविधानको धारा २१, हेर्नुहोस्, https://cdnbbsr.s3waas.gov.in/s380537a945c7aaa788ccfcdf1b99b5d8f/uploads/2023/05/2023050195.pdf, हेरिएको मिति २०८१।२।१४।

[८०] भारतीय फौजदारी कार्यविधि संहिता, १९७३ हेर्नुहोस्, https://www.indiacode.nic.in/bitstream/123456789/15272/1/the_code_of_criminal_procedure%2C_1973.pdf हेरिएको मिति २०८१।२।१४।

बमोजिम पक्राउ गरी हिरासतमा बसेका बेला हिरासतबाट भागेकोमा जस्ता अवस्थाहरूमा पक्राउ पुर्जी बिना तर कानूनको सीमामा रही व्यक्ति पक्राउ गर्न सकिन्छ।[८१]

- पक्राउ पुर्जी बमोजिम हुने पक्राउ (Arrest with a warrant): सामान्यतया कुनै व्यक्तिले जन्मकैद वा मृत्युदण्ड वा दुई वर्षभन्दा बढी सजाय हुने कसूर गरेमा अदालतले निज विरूद्ध पक्राउ पुर्जी जारी गरी पक्राउ गर्दछ। यस्ता कसूर Non-cognizable पनि हुन सक्दछन्।

फौजदारी कार्यविधि संहिता,१९७३ को दफा ७० देखि ८१ सम्म पक्राउ पुर्जी बमोजिम हुने पक्राउको कार्यविधि सम्बन्धी कानूनी व्यवस्था रहेको छ।[८२] तथापी भारतीय संविधानले Arrest शब्दको परिभाषा गरेको छैन। पक्राउ सम्बन्धी कानूनको भारतीय सन्दर्भमा प्रयोगको जानकारीका लागि भारतीय सर्वोच्च अदालतबाट प्रतिपादित नजीर समेतको अध्ययन गर्नु जरूरी हुन्छ। भारतको सर्वोच्च अदालतले प्रतिपादन गरेका केही महत्वपूर्ण नजीरहरू देहाय अनुसार संक्षिप्त रूपमा प्रस्तुत गरिएका छनः

- *Joginder Kumar v. State:*[८३] यस मुद्दाका निवेदक Joginder Kumar युवा कानून व्यवसायी हुन्छन्। उनलाई प्रहरीले प्रहरी कार्यालयमा बोलाउँछन्। उनी रातको १० बजे आफ्नो दाजु र अन्य केही साथीभाइ सँग प्रहरी कार्यालयमा उपस्थित हुन्छन्। उक्त दिन प्रहरीले उनलाई हिरासतमा राख्छ। पछि निजको दाजुले सोध्दा उनी घर गइसकेको जवाफ आउँछ तर उनी घर पुगेका हुँदैनन्। उनका दाजुले अन्तिम विकल्पको रूपमा अदालतमा रिट दायर गर्दछन्।यस मुद्दामा भारतीय सर्वोच्च अदालतले संविधानको धारा २१ र २२ को कार्यान्वयनका लागि केही निर्देशन जारी गर्दछः
  - पक्राउ परेका व्यक्तिले आग्रह गरेको खण्डमा निजको नजिकको नातेदार वा हितैषीलाई निजलाई पक्राउ परेको र निजलाई थुनामा राखिएको स्थान बारे जानकारी दिनुपर्ने,
  - पक्राउ पर्ने व्यक्तिलाई पक्राउ पर्ने बित्तिकै निजको यस्तो अधिकारको बारेमा जानकारी दिनुपर्नेछ,
  - पक्राउ परेको व्यक्तिका बारेमा राखिएको डायरीमा निजको थुना वा पक्राउका बारेमा जानकारी दिइएको नजिकको व्यक्तिको नाम समेत उल्लेख गर्नुपर्दछ,
  - यी सबै अधिकार भारतको संविधानको धारा २१ र २२ मा आधारित छन्। त्यसैले यसको अक्षरशः पालना गर्नु जरूरी छ।

[८१] सामान्य रूपमा हेर्नुहोस् भारतीय फौजदारी कार्यविधि संहिता, १९७३, हेर्नुहोस् https://www.indiacode.nic.in/bitstream/123456789/15272/1/the_code_of_criminal_procedure%2C_1973.pdf ,हेरिएको मिति २०८१।२।१४।

[८२] भारतीय फौजदारी कार्यविधि संहिता, १९७३, हेर्नुहोस् https://www.indiacode.nic.in/bitstream/123456789/15272/1/the_code_of_criminal_procedure%2C_1973.pdf , हेरिएको मिति २०८१।२।१४।

[८३] Joginder Kumar V. State , हेर्नुहोस् https://indiankanoon.org/doc/768175/ , हेरिएको मिति २०८१।२।२१।

- *D.K Basu v. State of West Bengal:* [८४] यस मुद्दाको उठान Legal Aid Services, गैर सरकारी संस्थाको अध्यक्षले भारतीय सर्वोच्च अदालतको प्रधान न्यायाधीशलाई हिरासतमा भएको हत्या सम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार प्रति ध्यानाकर्षण गरेपछि भएको हो। यस ध्यानाकर्षण पत्रलाई भारतीय सर्वोच्च अदालतका प्रधान न्यायाधीशले रिट सरह मानी मुद्दाको सुनुवाइ गर्दछन्। यस मुद्दामा Custodial Deaths का बारेमा विस्तृत विवेचना गरी Custodial Deaths रोक्नका लागि व्यक्ति पक्राउ गर्दा वा थुनामा राख्दा नै पालना गर्नुपर्ने देहायमा उल्लेख भए अनुसार विभिन्न निर्देशनहरू अदालतले दिएको पाइन्छः
  - पक्राउ गर्न खटिएका प्रहरी अधिकारी र सोधपुछमा खटिएका प्रहरी कर्मचारीले आफ्नो नाम, पद स्पष्ट र सही रूपमा लेखिएको व्याच झुण्डाएको हुनुपर्दछ,
  - प्रहरी अधिकारीले पक्राउको समयमा Memo (लिखत) तयार गर्नुपर्दछ। यस्तो लिखतमा एकजना साक्षी अनिवार्य रूपमा हुनुपर्दछ। यस्तो साक्षी पक्राउ वा थुनामा परेको व्यक्तिको परिवारको सदस्य वा स्थानीय तहमा सामाजिक प्रतिष्ठा कमाएको व्यक्ति हुनुपर्दछ। उक्त लिखतमा पक्राउ परेको व्यक्तिको सही छाप, पक्राउ परेको समय र मिति समेत उल्लेख गर्नुपर्दछ,
  - पक्राउ परेको व्यक्तिको नजिकको साथी वा हितैषीलाई यथासक्य चाँडो निजको पक्राउ वा थुनाको बारे जानकारी दिनुपर्छ। तर लिखतमा सही गर्ने साक्षी स्वयं पक्राउ पर्ने व्यक्तिको नजिकको नातेदार, हितैषी मित्र भएमा यस्तो जानकारी दिइरहनु पर्दैन,
  - पक्राउ परेको स्थान, थुनामा राखिने स्थान र पक्राउ परेको समय समेत यस्तो हितैषी व्यक्तिलाई जानकारी दिनु जरूरी छ,
  - पक्राउ पर्ने व्यक्तिलाई पक्राउ पर्ने बित्तिकै निजको यस्तो अधिकारको बारेमा जानकारी दिनुपर्नेछ,
  - पक्राउ परेको व्यक्तिलाई थुनामा राखिएको स्थानमा रहेको डायरीमा अन्य कुराका अतिरिक्त निजको थुना वा पक्राउका बारेमा जानकारी दिइएको नजिकको व्यक्तिको नाम समेत उल्लेख गर्नुपर्दछ,
  - पक्राउ परेको व्यक्तिले आग्रह गरेको खण्डमा निजको शारिरीक परिक्षण गर्नुपर्दछ। यस्तो परिक्षणमा निजको शरीरमा रहेका सानातिना वा ठूला घाउचोटको अभिलेख राख्नुपर्दछ। "Inspector Memo" मा व्यक्ति पक्राउ गर्ने प्रहरी अधिकारी र पक्राउ परेको व्यक्ति दुवैजनाको सहीछाप हुनुपर्दछ। यस्तो Memo को एक प्रति पक्राउ पर्ने व्यक्तिलाई दिनुपर्दछ,
  - व्यवसायिक तालिम प्राप्त एवं संघको मान्यता प्राप्त चिकित्सकबाट पक्राउ परेको व्यक्तिको जाँच गराउनुपर्दछ,

---

[८४] Shri D. K Basu et. al V. State of West Bengal and others, हेर्नुहोस् https://indiankanoon.org/doc/501198/ , हेरिएको मिति २०८१।२।२१।

- व्यक्ति पक्राउ पर्दा वा थुनामा राख्दा तयार भएको सम्पूर्ण लिखतको प्रति अभिलेखीकरणका लागि इलाका मजिष्ट्रेट कार्यालयमा बुझाउनुपर्दछ,
- पक्राउ परेको व्यक्तिलाई सोधपुछका बेला कानून व्यवसायी सँग भेट गर्न दिन सकिनेछ,
- सबै जिल्ला र राज्यका सदरमुकाममा एक Police Control Room स्थापना गरिनुपर्दछ। यस्ता Police Control Room मा व्यक्ति पक्राउ परेको १२ घण्टा भित्र व्यक्ति पक्राउ गरेको सूचना प्रवाह गर्नुपर्दछ। यस्ता Police Control Room ले यस्तो सूचना सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्दछ।

यस मुद्दामा अदालतले व्यक्ति पक्राउ गर्दा पालना गर्नुपर्ने नियमहरूको बारेमा प्रहरी अधिकारीलाई निर्देशन दिएको छ। त्यसैगरी माथी उल्लिखित निर्देशन पालना नगर्ने निकाय विरूद्ध अदालतको अवहेलनामा मुद्दा चल्ने कुरा पनि यसै मुद्दामा भारतको सर्वोच्च अदालतले बोलेको पाइन्छ।

*४.७.४ जापान*

जापानमा आधुनिक फौजदारी न्याय प्रणालीको थालनी सन् १८६७ पछि भएको हो।[८५] सन् १८८० मा जापान सरकारले नेपोलियन संहिताबाट प्रभावित भइ *Chizaiho* जारी गऱ्यो।[८६] त्यसैगरी सन् १८९० मा जापानले पहिलो पटक पाश्चात्य कानूनमा आधारित फौजदारी कार्यविधि संहिता लागू गऱ्यो।[८७] तर जापानमा हाल प्रचलनमा रहेको फौजदारी कार्यविधि संहिता भने दोश्रो विश्वयुद्ध पश्चात् जारी भएको संविधान अनुरूप लागु भएको हो।[८८] यस संहितामा Continental र Common Law दुवै प्रणालीहरूका राम्रा पक्षहरू समेटिएका छन्। यसको प्रमुख विशेषताहरू मध्ये judicial warrant सम्बन्धी कठोर कानूनी व्यवस्था पनि एक हो।[८९]

जापानको फौजदारी कानून अनुसार घटना स्थलमा पक्राउ (Arrest on the Spot) र पक्राउ पुर्जी जारी गरी पक्राउ (Arrest by Warrant) गर्ने दूई तरिकाबाट कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने गरिन्छ। घटना स्थलमा (Arrest on the Spot) पक्राउ गर्दा पक्राउ पुर्जी बिना व्यक्तिलाई तत्काल पक्राउ गरीन्छ। तर

---

[८५] Courts in Japan, Outline of Criminal Justice in Japan,हेर्नुहोस्, Outline_of_Criminal_Justice_in_JAPAN_2023.pdf (courts.go.jp), हेरिएको मितिः २०८१।१।९,पृ.४।

[८६] Courts in Japan, Outline of Criminal Justice in Japan, हेर्नुहोस् Outline_of_Criminal_Justice_in_JAPAN_2023.pdf (courts.go.jp), हेरिएको मितिः २०८१।१।९,पृ. ४।

[८७] Courts in Japan, Outline of Criminal Justice in Japan, हेर्नुहोस् Outline_of_Criminal_Justice_in_JAPAN_2023.pdf (courts.go.jp), हेरिएको मितिः २०८१।१।९,पृ. ४।

[८८] Courts in Japan, Outline of Criminal Justice in Japan, हेर्नुहोस् Outline_of_Criminal_Justice_in_JAPAN_2023.pdf (courts.go.jp), हेरिएको मितिः२०८१।१।९,पृ. ४।

[८९] Courts in Japan, Outline of Criminal Justice in Japan, हेर्नुहोस् Outline_of_Criminal_Justice_in_JAPAN_2023.pdf (courts.go.jp), हेरिएको मितिः २०८१।१।९,पृ. ४।

पक्राउ गर्नुपर्ने कारणको मौखिक जानकारी भने दिइन्छ। त्यसैगरी पक्राउ पुर्जी (Arrest by Warrant) सहितको पक्राउमा व्यक्तिलाई कुनै आरोपमा पक्राउ गर्नुपूर्व पक्राउ पुर्जी नै दिइन्छ। उल्लिखित पक्राउ गर्ने तरिका अन्तर्गत पक्राउलाई देहाय अनुसार तिन प्रकारमा विभाजन गरिएको पाइन्छ।[९०]

- सामान्य पक्राउ (Normal Arrest) : सामान्य पक्राउ (Normal Arrest) भन्नाले जापानी फौजदारी कार्यविधि संहिताको धारा १९९.१ अनुसारको पक्राउ भन्ने बुझिन्छ। सामान्यतया अपराध भइसकेको अनुमान गर्ने पर्याप्त कारण विद्यमान भएको अवस्थामा न्यायाधीशबाट पक्राउ पुर्जी जारी गराइ गरीने पक्राउ नै सामान्य पक्राउ (Normal Arrest) हो।
- जघन्य अपराधमा पक्राउ (Arrest for flagrant offences): जघन्य अपराधमा पक्राउ (Arrest for flagrant offences) भन्नाले जापानी फौजदारी संहिताको धारा २१३ अनुसारको पक्राउ भन्ने बुझिन्छ। यस अन्तर्गत पक्राउ पुर्जी बिना पक्राउ गर्न सकिन्छ। जघन्य अपराध अन्तर्गत आपराधिक मनसाय राखेर गरिने अपराध पर्दछ। अतः आपराधिक मनसाय राखेर गरिने जघन्य कसूरमा त्यस्तो अपराध गर्ने व्यक्तिलाई बिना पक्राउ पुर्जी पक्राउ गर्नुलाई Arrest for flagrant offences भनिन्छ।
- जरूरी पक्राउ पुर्जी (Emergency Arrests): जरूरी पक्राउ पुर्जी (Emergency Arrest) भन्नाले जापानी फौजदारी संहिताको धारा २१०.१ अनुसार को पक्राउ हो। यदि कुनै व्यक्तिले मृत्युदण्ड वा जन्मकैद सजाय हुने कुनै अपराध गरेको शंका गर्ने पर्याप्त कारण भएमा वा कसैलाई आकस्मिक रूपमा पक्राउ गर्नुपर्ने कारणले गर्दा न्यायाधीशबाट पक्राउपुर्जी जारी गर्ने समय अभाव भएमा पक्राउ गर्ने अधिकारीले कारणको सूचना दिएर गरीने पक्राउनै जरूरी पक्राउ (Emergency Arrest) हो। यस्तो अवस्थामा न्यायाधीशबाट पक्राउ पुर्जी प्राप्त गर्ने पक्रिया तुरून्तै लिइनुपर्ने हुन्छ। यदी पक्राउ पुर्जी जारी गरिदैन भने तुरून्तै रिहा गर्नुपर्ने हुन्छ।

सन् २०१७ मार्च १५ मा जापानको सर्वोच्च अदालतले चोरी सम्बन्धी एक मुद्दामा प्रहरीले बिना पुर्जी शंकित व्यक्तिको गाडीमा Global Positioning System (GPS) जडान गरी प्राप्त प्रमाणलाई व्यक्तिको गोपनीयताको अधिकार हनन गर्ने भनी अवैध ठहराएको पाइन्छ।[९१] त्यसैगरी अर्को एक मुद्दामा जापानको सर्वोच्च अदालतले नै जापानको Code of Criminal Procedure को धारा २१० र जापानको संविधानको धारा ३३ को अन्तर सम्बन्धको व्याख्या गर्दै जापानको Code of Criminal Procedure को धारा २१० अन्तर्गत जारी हुने Emergency Warrant ले जापानको संविधानको धारा ३३ को उल्लंघन नहुने ठहराएको पाइन्छ।[९२]

---

[९०] What to do if you are arrested in Japan, हेर्नुहोस् https://englishlawyersjapan.com/what-to-do-if-you-are-arrested-in-japan/ ,हेरिएको मितिः २०८१।१।९।

[९१] Library of Congress.gov Japan: Supreme Court Rules GPS-Based Investigation Requires Warrant, हेर्नुहोस् Japan: Supreme Court Rules GPS-Based Investigation Requires Warrant | Library of Congress (loc.gov) ,हेरिएको मितिः २०८१।२।२)।

[९२] Judgments of the Supreme Court, हेर्नुहोस् Details of 1951 (A) 3953 | Judgments of the Supreme Court (courts.go.jp) ,हेरिएको मितिः २०८१।२।२।

# परिच्छेद - पाँच
# पक्राउ सम्बन्धी संयुक्त राष्ट्रसंघीय र राष्ट्रिय व्यवस्था

## ५.१ पृष्ठभूमि

पक्राउ सम्बन्धी कार्य कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले यो मानव अधिकार संरक्षणको बिषय पनि हो। यसर्थ कुनै सशंकित व्याक्तिलाई पक्राउ गर्दा उसको नैसर्गिक वैयक्तिक स्वतन्त्रता सम्बन्धी अधिकारको प्रत्याभूति तथा मानव अधिकारको संरक्षण गर्नका लागि संयुक्त राष्ट्रसंघले विभिन्न दस्तावेजहरू प्रचलनमा ल्याइसकेको छ। त्यसैगरी संयुक्त राष्ट्रसंधको पक्ष राष्ट्र भएको नाताले नेपालले पनि नेपालको संविधान र अन्य प्रचलित कानूनहरूमा कुनै पनि व्यक्ति विरूद्ध हुने पक्राउलाई राष्ट्र संघीय दस्तावेजहरूसँग अनुकूल हुनेगरी व्यवस्था गरिएको पाइन्छ।

## ५.२ संयुक्त राष्ट्रसंघीय व्यवस्था

पक्राउ परेको व्यक्तिको मानवअधिकारको संरक्षणको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय दस्तावेजहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

*५.२.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र :* कसैलाई पनि स्वच्छेचारी रूपले पक्राउ गरिनेछैन[९३] भन्ने उल्लेख यस मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा गरिएको छ।

*५.२.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९ अन्तर्गत निम्नलिखित व्यवस्थाहरू रहेको पाइन्छ;*[९४]

- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाईने छैन। कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारण सहितको सूचना दिईने र निज विरूद्ध लगाइएको आरोपको जानकारी तुरून्त दिईनेछ।
- कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष तुरून्त उपस्थित गराईनेछ र त्यस्तो व्यक्तिलाई मुनासिव समयभित्र सुनुवाइ गरि पाउने वा छुट्कारा पाउने अधिकार हुनेछ। सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन। तर निजको रिहाई भने न्यायिक कारवाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा उपस्थित हुने जमानत र अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधिनमा रहन सक्नेछ।
- पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले विलम्व नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न र थुना कानूनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सकोस।

---

[९३] मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ धारा ९।

[९४] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६, धारा ९।

- गैर कानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ।

### *५.२.३ जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त सङ्ग्रह, १९८८*

पक्राउ, थुनछेक र कैदसजाय कानूनी प्रावधान अनुसार र सक्षम अधिकारी वा सो प्रयोजनका लागि अधिकारप्राप्त व्यक्तिबाट मात्रै गरिने[९५], पक्राउ परेको हरेक व्यक्तिलाई पक्राउ गरेकै समयमा पक्राउ गर्नाको कारण खोली जानकारी र निजविरूद्धको अभियोग यथाशिघ्र जनाउ दिइनेछ[९६] भन्ने व्यवस्था यस सिद्धान्त सङ्ग्रहमा गरिएको पाइन्छ।

पक्राउ गर्नुको कारण, पक्राउ गरिएको व्यक्तिलाई हिरासतमा लगिएको साथै निजलाई पहिलो पटक न्यायिक वा अन्य अधिकारीसमक्ष पेस गरिएको समय, कानून कार्यान्वयन गर्ने सम्बन्धीत अधिकारीको पहिचान, सम्बन्धीत हिरासतको स्थान सम्बन्धी संक्षिप्त जानकारी विधिवत् रूपले अभिलेख गरिनेछ साथै यस्तो अभिलेखबारे थुनिएको व्यक्ति वा निजको परामर्शदातालाई कानूनमा तोकिएबमोजिम जनाउ दिइने[९७] व्यवस्था पनि उल्लेख गरिएको पाइन्छ।

त्यसैगरी कुनै पनि व्यक्तिलाई पक्राउ गर्दाको क्षणमा र निजको थुनछेक वा कैदसजायको प्रारम्भ बिन्दु वा त्यसको लगतै पछि निजको पक्राउ, थुनछेक वा कैदसजायको जिम्मेवारी रहेको अधिकारीद्वारा निजका अधिकार र तिनको प्रचलन वा उपलब्धताको जानकारी र बेलीविस्तार गरिनेछ[९८] भन्ने उल्लेख यस सिद्धान्तसंग्रहमा गरिएको पाइन्छ।

## ५.३ नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था

कानूनी औचित्यबिना कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता खोस्न पाईदैन। कसैलाई पनि उचित कानूनी प्रक्रिया बाहेक स्वतन्त्रताबाट बञ्चित नगरिने मानव अधिकारको मूलभूत मान्यतालाई ग्रहण गरेको नेपालको संविधान र यसको प्रतिकूल नहुने गरि प्रचलनमा रहेका कानूनी व्यवस्थाहरूलाई पक्राउ तथा पक्राउ पुर्जीको सन्दर्भमा केन्द्रित रही देहाय अनुसार प्रस्तुत गरिएको छ;

### *५.३.१ नेपालको संविधानको धारा २० को न्याय सम्बन्धी हक[९९] अन्तर्गत पक्राउको सन्दर्भमा निम्नलिखित व्यवस्थाहरू रहेको पाइन्छ*

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

---

[९५] जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तगर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङग्र, १९८८, सिद्धान्त २।
[९६] जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तगर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङग्र, १९८८, सिद्धान्त १०।
[९७] जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तगर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङग्र, १९८८, सिद्धान्त १२।
[९८] जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय अन्तगर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङग्र, १९८८, सिद्धान्त १३।
[९९] नेपालको संविधान, धारा २०।

- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ।

- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन।

तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।

*५.३.२ प्रहरी ऐन,२०१२*

कानून बमोजीम पक्रन पर्ने व्यक्तिलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्राउ गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ[१००] भन्ने व्यवस्था यस ऐनमा गरिएको पाइन्छ। त्यसैगरी प्रहरीले बिना वारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफदारी गर्न हुन्छ[१०१] भन्ने व्यवस्था पनि यस ऐनमा गरिएको पाइन्छ;

- कानूनले ३ वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटको छ भन्ने थाहा भएको व्यक्ति,
- फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,
- कर्फ्यू लागेको टायममा शंका पर्ने गरी हिडडुल गरी रहेका व्यक्ति,
- मनासिब कारण नभैस रातमा हात हतियार खरखजाना वा रातमा घर फर्ने औजार साथमा भएको व्यक्ति,
- कानून अनुसार थुनिएको ठाँउबाट भागेको वा भाग्न उद्योग गने व्यक्ति,
- नेपाल सेना वा प्रहरी फोर्स पछाडी भागेको भन्ने मनासिब शंका परेका व्यक्ति,
- यस ऐनको पररच्छेद६ मा लेखिए बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति।

उल्लिखित लेखिए बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटो मनासिब माफिकको म्याद बाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नु पर्छ[१०२] भन्ने व्यवस्था पनि यस ऐनमा गरिएको पाइन्छ।

---

[१००] प्रहरी ऐन, २०१२, दफा १५ (१)(ङ)।

[१०१] प्रहरी ऐन,२०१२ , दफा १७ (१)।

[१०२] प्रहरी ऐन,२०१२, दफा १७ (२)।

### *५.३.३ लागु औषध (नियन्त्रण) ऐन, २०३३*

यस ऐन अन्तर्गतको कुनै पनि अपराध कुनै घर, जग्गा, सरकारी वा ठाँउमा भइराखेको छ र तुरून्तै केही कारबाही नगरेमा अपराधी भागी जने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारी वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जा सम्मको प्रहरी कर्मचारीले सो कुराको पर्चा खडा गरी जुनसुकै बखत विना वारेन्ट[१०३] अपराध गरेको भनी शङ्का लागेको जुनसुकै व्यक्तिलाई रोक्न,खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने सक्नेछ[१०४] यसरी कसैलाई गिरफ्तार गरेकोमा औषध नियन्त्रण अधिकारीले त्यस्तो प्रतिवेदन आफूभन्दा एक तह माथिको अधिकारी समक्ष सो गिरफदारी गरेको चौबिस घण्टाभित्र पठाउनु पर्ने[१०५] व्यवस्था  यस ऐनमा गरिएको पाइन्छ।

### *५.३.४ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४*

यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य कुनै घर,जग्गा,स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरून्त कारबाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धीत कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत[१०६] त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पुर्जी गिरफ्तार गर्न  सक्नेछ[१०७]। यसरी कुनै व्यक्तिलाई पक्राउ पुर्जी बिना पक्राउ गरिएकोमा पक्राउ परेको व्यक्ति सहित त्यस्तो पक्राउको स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने[१०८] व्यवस्था यस ऐनमा गरिएको पाइन्छ।

### *५.३.५ मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४, दफा ९  कसूरसँग सम्बन्धीत ब्यक्ति पक्राउ गर्न सकिने*

(१) कसूरसँग सम्बन्धीत कुनै ब्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ।

(२) कुनै ब्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा यस परिच्छेद बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नु पर्ने ब्यक्तिको पहिचान खुल्ने विवरण सहित पक्राउ पुर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

३ उप-दफा२ बमोजिम निवेदन परेमा र पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पुर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।

(४) पक्राउ पुर्जीको ढाँचा अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) उप-दफा ३ बमोजिमको आदेश पक्राउ गर्नु पर्ने ब्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन।

---

[१०३] लागु औषध (नियन्त्रण) ऐन, २०३३, दफा ८(१)।

[१०४] लागु औषध (नियन्त्रण) ऐन, २०३३ , दफा ८(१)(घ)।

[१०५] लागु औषध (नियन्त्रण) ऐन, २०३३, दफा ९ ।

[१०६] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ,दफा ७(१)।

[१०७] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ,दफा ७(१)(ग)।

[१०८] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ,दफा ७(३)।

(६) उप-दफा२ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने ब्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो ब्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो ब्यक्तिलाई अनुसूची ९ बमोजिमको ढाँचामा तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको ब्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।
(७) उप-दफा६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी कुनै ब्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कसूरसँग सम्बन्धीत अन्य अनुसन्धान सम्बन्धी कारबाही गर्न सकिने छैन।

तर कसूरसँग सम्बन्धित सबूद प्रमाण नष्ट हुने, हराउने वा नासिने सम्भावना भएमा पक्राउ गरिएको व्यक्तिको शरीर, निजले प्रयोग गरेको चिजवस्तु, सवारी साधन, निज रहे बसेको घर वा स्थानको तत्काल खानतलासी लिन सकिनेछ। त्यसरी खानतलासी लिएकोमा त्यसको विवरण, खानतलासी पुर्जी तथा बरामदी मुचुल्का समेत संलग्न राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(८) कुनै कसूर भएको बखत तत्काल प्रहरी उपलब्ध नभएमा कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने ब्यक्तिले त्यस्तो कसूर गर्ने ब्यक्तिलाई भाग्न वा उम्कन नदिई निजलाई नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ।
(९) उप-दफा (१) वा६ बमोजिम कुनै ब्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नुअघि पक्राउ गर्नु पर्ने कारण खुलाई सम्झाई बुझाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ।
(१०) उप-दफा (९) बमोजिम सम्झाउँदा, बुझाउँदा वा आदेश दिँदा पनि कुनै ब्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने वा उम्कने प्रयत्न गरेमा वा बल प्रयोग गरी वा नगरी कुनै किसिमले जोर जुलुम गरेमा वा गर्न प्रयत्न गरेमा निजलाई पक्राउ गर्न प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ।
(११) यस दफा बमोजिम कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ। तर पक्राउ गर्नु पर्ने अवस्थामा तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशिलताको सम्मान गर्दै पुरूष प्रहरी कर्मचारीले पक्राउ गर्न वाधा पर्ने छैन।
(१२) यस दफा बमोजिम पक्रिएको ब्यक्तिको खानतलासी वा शरीर तलासी लिन सकिनेछ।
(१३) यस दफा बमोजिम पक्राउ गर्नु पर्ने ब्यक्ति कुनै घर वा ठाउँमा बसेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो घर वा ठाउँको खानतलासी लिई पक्राउ गर्न सकिनेछ।
(१४) उप-दफा (१३) बमोजिम खानतलासी लिँदा कुनै ब्यक्ति पक्राउ परेमा सो ब्यक्तिको शरीरको तलासी पनि लिन सकिनेछ।

(१५) उप-दफा (१२) वा (१३) बमोजिम तलासी लिँदा फेला परेका प्रमाण सम्बन्धी लिखत वा दसी प्रमाण वा अन्य कुनै वस्तु त्यस्तो ब्यक्तिलाई पक्राउ गर्ने ब्यक्ति वा अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिई त्यसको भरपाई दिनु पर्नेछ।

(१६) उप-दफा (१) र२ मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची १ वा अनुसूची २ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा त्यस्तो व्यक्तिलाई सम्बन्धीत प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले भाग्न उम्कन नदिई निजलाई पक्राउ गरी सम्बन्धीत प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्नेछ।

(१७) उप-दफा (८) र (१६) बमोजिम पक्राउ गरी ल्याएको व्यक्तिलाई सम्बन्धीत प्रहरी वा अनुसन्धान अधिकारीले जरूरी पक्राउ पुर्जी दिई उप-दफा६ बमोजिम स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

# परिच्छेद - छ

## पक्राउ सम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू

पक्राउसम्बी सर्वोच्च अदालतबाट प्रतिपादित केही महत्तपूर्ण सिद्धान्तहरू देहाय अनुसार प्रस्तुत गरिएका छन्।

### ६.१ *लोप्साङ्ग शेर्पा समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत:*[१०९]

- वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो। यस्तो विषयमा अदालत गम्भीर हुन पर्दछ। कुनै पनि व्यक्तिलाई पक्राउ गरिसके पश्चात् के कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारी सहितको थुनुवा पुर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारण सहितको सूचना पाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो। नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ।केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को कसूरमा कसूरदारलाई बिना वारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त ऐनको दफा ३ मा भए पनि त्यसरी थुनामा राख्नुको कारणसहितको थुनुवा पुर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिँदा कानूनबमोजिमको थुनुवा पुर्जी अनिवार्य रूपमा दिनुपर्ने।

### ६.२ *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं समेत:*[११०]

- अपराधको प्रभावकारी अनुसन्धान गरी अपराधीलाई दण्डित गर्ने कार्यको अभावमा स्वतन्त्रता र सुरक्षाको हकले सार्थकता पाउन नसक्ने हुदाँ अभियोग लागेका मानिसलाई अनुसन्धानका सिलसिलामा पक्राउ गर्न नपाउने हो भने व्यक्तिको सुरक्षाको अधिकार सुरक्षित हुने वातावरण बन्दैन।यसरी स्वतन्त्रता र सुरक्षाका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको कुरालाई पनि हृदयंगम गर्नै पर्छ र ती दुबै हकको प्रत्याभूतिका लागि कानूनको शासन, दण्डहीनताको अन्त्य, सामाजिक सुव्यवस्था र शान्ति सुरक्षाको सुनिश्चितता अपरिहार्य हुने।
- पक्राउ गर्दा गोपनीयताको हक र वैयक्तिक स्वतन्त्रता कुण्ठित हुने अर्थ गर्ने हो भने कुनै पनि अभियुक्त र कुनै पनि अपराधीलाई पक्राउ गर्न नसकिने, नपाइने व्याख्या गर्नुपर्ने हुन्छ। कुनै पनि कानूनको व्याख्या गर्दा अपराधको अनुसन्धान जस्तो समाजको हित गाँसिएको सार्वजनिक सरोकारको विषयमा कानून बमोजिम कसैलाई पक्राउ नै गर्न नहुने व्याख्या गर्नु हुँदैन।

### ६.३ *हरिकुमार लामा वि. काभ्रेपलान्चोक जिल्ला अदालत, धुलिखेल समेत :*[१११]

- कानून बमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन। अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रियाको पालना नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले कानूनी वैधता प्राप्त गर्न सक्तैन। वैयक्तिक स्वतन्त्रताले

---

[१०९] ने.का.प. २०६८, अंक ८, नि.नं.८६७२।

[११०] ने.का.प. २०६६, अंक १२, नि .नं. ८२७५।

[१११] ने.का.प.२०७२, अंक १, नि. नं. ९३३६।

कानूनले निर्धारण गरेको प्रक्रियाको अनुशरण नगरी गरिएको गिरफ्तारी, थुना वा शक्तिको प्रयोगलाई मान्यता दिँदैन। व्यक्तिको त्यस्तो सारभूत अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ। कानूनको प्रक्रिया पूरा नगरी कुनै पनि व्यक्तिको स्वतन्त्रताको अपहरण भएमा गैरकानूनी बन्दीको सिर्जना हुन जान्छ।

### ६.४ *नरेन्द्र वि.क. समेत वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत*[११२]

- कुनै पनि निकायले अनुसन्धानको क्रममा पक्राउ गर्न पाउने सो निकायको अन्तर्निहित अधिकार कदापि होइन। आफ्नो अधिकार प्रयोग गर्दा कानूनको प्रक्रिया अनुरूप गर्नुपर्ने देखिन्छ। कानून प्रदत्त स्वविवेकको अधिकार प्रयोग गर्दासमेत वस्तुनिष्ठ र मनासिब आधार र कारण खुलेको देखिनु पर्दछ। पर्याप्त र मनासिब आधार र कारण नखुलाई प्रयोग भएको स्वविवेकीय कार्यले कानूनी मान्यता पाउन सक्दैन।

### ६.५ *तेजबहादुर मोक्तानसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत*[११३]

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ र ३ बमोजिम जारी गरिने "पक्राउ पुर्जी" र उप–दफा ६ बमोजिम जारी गरिने "जरूरी पक्राउ पुर्जी" फरक फरक अवस्थामा आकर्षित हुने कुराहरू हुन्। यी दुईमध्ये कुनै एक प्रकारको पुर्जीजारी गरिएपछि उही व्यक्तिको सम्बन्धमा अर्को प्रकारको पक्राउ पुर्जी जारी गर्नुपर्ने प्रयोजन रहँदैन। यसका अतिरिक्त "कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा" जरूरी पक्राउ पुर्जीजारी गरी अभियुक्तलाई पक्राउ गर्न सकिन्छ। त्यसप्रकारको विशेष अवस्था रहेको देखिने मनासिब कारण भएमा बाहेक अन्य अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ र ३ बमोजिम मुद्दा हेर्ने अधिकारीबाट अनुमति प्राप्त गरी पक्राउ पुर्जीजारी गर्नुपर्ने हुन्छ। ऐनद्वारा निर्दिष्ट प्रक्रियातर्फ समुचित रूपमा दृष्टि नदिई तथा जरूरी पक्राउ पुर्जीजारी गर्नुको मनासिब कारणसमेत नखुलाई केवल रीत पुऱ्याएको देखाउने शैलीमा थरिथरीका पक्राउ पुर्जी एकैसाथ जारी हुनुलाई उचित मान्न सकिएन।

[११२] ने.का.प. २०७६, अंक १, नि.नं.२०७६।

[११३] ने.का.प. २०७६, अंक ६, नि.नं. १०२८१।

# परिच्छेद - सात

## पक्राउ सम्बन्धी तथ्याङ्कको प्रस्तुतिकरण, विवेचना र विश्लेषण

आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत २०८०।०४।०१ गते देखी २०८०।१०।२९ गतेसम्म हिमाली, पाहाडी, भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लाहरूका प्रतिनिधित्व गरेका क्रमशः जिल्ला सरकारी वकीलको कार्यालय, मुगुको वैवसाइटमा उपलब्ध भएका ८ वटा मुद्दाहरू मध्ये ८ वटा अर्थात शतप्रतिशत, जिल्ला सरकारी वकिलको कार्यालय, भोजपुरको वैवसाइटमा उपलब्ध भएका ३७ वटा मुद्दाहरू मध्ये १७ वटा अर्थात ४५.९५ प्रतिशत, जिल्ला सरकारी वकिलको कार्यालय, सुर्खेतको वेबसाइटमा उपलब्ध भएका २२८ वटा मुद्दाहरू मध्ये ८१ वटा अर्थात ३५.५२ प्रतिशत,जिल्ला सरकारी वकीलको कार्यालय, धनुषाको वेबसाइटमा उपलब्ध भएका ३६३ वटा मुद्दाहरू मध्ये ८९ वटा अर्थात २४.५१ प्रतिशत र जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौंको वेबसाइटमा उपलब्ध भएका १२१० वटा मुद्दाहरू मध्ये १६५ वटा अर्थात १३.६३ प्रतिशत मुद्दा तथा कुल मुद्दा संख्या १,८४६ को १९.५० प्रतिशत अर्थात ३६० वटा मुद्दाहरुबाट संकलन गरिएको तथ्याङ्कहरूलाई जिल्लागत आधार र समग्रतामा देहाय अनुसार बिभिन्न बृत्त चित्रहरूमा प्रस्तुत गरी विवेचना र विश्लेषण गरिएका छन्।

### ७.१ जिल्ला सरकारी वकिलको कार्यालय, मुगुबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था

बृत्त चित्र नं. १




प्रस्तुत बृत्त चित्र नं. १ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची १** मा उल्लेख भएका जम्मा ८ वटा विभिन्न मुद्दाहरू मध्ये ६ वटा अर्थात ७५ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल

सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी २ वटा मुद्दा अर्थात २५ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.२ जिल्ला सरकारी वकिलको कार्यालय,भोजपूरबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. २




प्रस्तुत बृत्त चित्र नं. २ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** २ मा उल्लेख भएका जम्मा १७ वटा विभिन्न मुद्दाहरू मध्ये १४ वटा अर्थात ८२ प्रतिशतमा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३ वटा मुद्दा अर्थात १८ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम

पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.३ जिल्ला सरकारी वकिलको कार्यालय,सुर्खेतबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ३




प्रस्तुत बृत्त चित्र नं. ३ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ३** मा उल्लेख भएका जम्मा ८१ वटा विभिन्न मुद्दाहरू मध्ये ४३ वटा अर्थात ५३ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३८ वटा मुद्दा अर्थात ४७ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.४ जिल्ला सरकारी वकीलको कार्यालय,धनुषाबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ४




प्रस्तुत बृत्त चित्र नं. ४ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ४ मा उल्लेख भएका जम्मा ८९ वटा विभिन्न मुद्दाहरू मध्ये ५४ वटा अर्थात ६१ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सबुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३५ वटा मुद्दा अर्थात ३९ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.५ जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौंबाट संकलित तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ५




प्रस्तुत बृत्त चित्र नं. ५ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ५** मा उल्लेख भएका जम्मा १६५ वटा विभिन्न मुद्दाहरू मध्ये १२७ वटा अर्थात ७७ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३८ वटा मुद्दा अर्थात २३ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.६ जिल्ला सरकारी वकीलको कार्यालय, मुगु, भोजपूर, सुर्खेत, धनुषा र काठमाडौंबाट संकलित समग्र तथ्याङ्कको आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा२ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जीजारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जीजारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ६




प्रस्तुत बृत्त चित्र नं. ६ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ६** मा उल्लेख भएका जम्मा ३६० वटा विभिन्न मुद्दाहरू मध्ये २४४ वटा अर्थात ६८ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ११६ वटा मुद्दा अर्थात ३२ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा२ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.७ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ७

जीउज्यान सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.७ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ८० वटा जीउज्यान सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ५० वटा अर्थात ६३ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३० वटा मुद्दा अर्थात ३७ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २

बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.८ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ८

आर्थिक अपराध




प्रस्तुत बृत्त चित्र नं.८ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ६४ वटा यौसम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ४१ वटा अर्थात ६४ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो।त्यसैगरी २३ वटा मुद्दा अर्थात ३६ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.९ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप- दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ९
सार्वजनिक शान्ति र सुरक्षा विरूद्दका अपराध




प्रस्तुत बृत्त चित्र नं.९ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ६** मा उल्लेख भएका जम्मा ५१ वटा चोरी सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ४४ वटा अर्थात ८६ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ७ वटा मुद्दा अर्थात १४ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २

बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१० अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १०
चोरी सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.१० मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ४७ वटा चोरी सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ४३ वटा अर्थात ९१ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ४ वटा मुद्दा अर्थात ९ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा२ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.११ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्काले जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. ११
यौन सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.११ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ४६ वटा यौनसम्बन्धी विभिन्न मुद्दाहरू मध्ये २८ वटा अर्थात ६१ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी १८ वटा मुद्दा अर्थात ३९ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१२ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्काले जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १२
लागु औषध सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.१२ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ३७ वटा लागऔषध सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ३७ वटा अर्थात १०० प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी शुन्य वटा मुद्दा अर्थात शुन्य प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

### ७.१३ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था

बृत्त चित्र नं.१३
बिवाह सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.१३ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ३७ वटा विवाह सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ५ वटा अर्थात ३८ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को देहाय६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ८ वटा मुद्दा अर्थात ६२ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१४ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १४

सामुहिक सदभाव र सार्वजनिक नैतिकता विरूद्दको अपराध




प्रस्तुत बृत्त चित्र नं.१४ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ७ वटा सामुहिक सदभाव र सार्वजनिक नैतिकता विरूद्दको विभिन्न मुद्दाहरू मध्ये ४ वटा अर्थात ५७ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३ वटा मुद्दा अर्थात ४३ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१५ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १५
प्रविधि सम्बन्धी अपराध




प्रस्तुत बृत्त चित्र नं.१५ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा ७ वटा प्रविधि सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ५ वटा अर्थात ७१ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी २ वटा मुद्दा अर्थात २९ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप- दफा२ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१६ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १६

लिखत सम्बन्धी कसूर




प्रस्तुत बृत्त चित्र नं.१६ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ६** मा उल्लेख भएका जम्मा ४ वटा लिखत सम्बन्धी कसूरका विभिन्न मुद्दाहरू मध्ये १ वटा अर्थात २५ प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी ३ वटा मुद्दा अर्थात ७५ प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१७ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १७
क्षतिपूर्ति उपचार खर्च




प्रस्तुत बृत्त चित्र नं.१७ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची ६** मा उल्लेख भएका जम्मा ४ वटा क्षतिपूर्ति उपचार खर्चका विभिन्न मुद्दाहरू मध्ये ३ वटा अर्थात १०० प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी शुन्य वटा मुद्दा अर्थात शुन्य प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

**७.१८ अपराधको वर्गिकरणको आधारमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप- दफा २ बमोजिम पक्राउ पुर्जीजारी गर्ने अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ तथा ऐ. को उप-दफा ६ बमोजिम तत्कालै जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ पश्चात अदालतबाट स्वीकृति मागिएको अवस्था**

बृत्त चित्र नं. १८

थुनुवा भगाउने




प्रस्तुत बृत्त चित्र नं.१८ मा प्रस्तुत भएको विवरण अनुसार **अनुसूची** ६ मा उल्लेख भएका जम्मा १ वटा थुनुवा भगाउने १ वटा अर्थात १०० प्रतिशत मुद्दामा प्रतिवादीलाई आरोप लागेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरिएको र उक्त प्रतिवादीलाई तत्काल पक्राउ गरी नियन्त्रणमा नलिंदा भागी जाने र भौतिक सवुद नष्ट गर्न सक्ने प्रवल सम्भावना भएको कारण उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा६ बमोजिम पक्राउमा परेको प्रतिवादीको उपस्थितिसाथ जरूरी पक्राउ पुर्जीको स्वीकृतिको लागि अनुसन्धान अधिकृतले जिल्ला अदालतसमक्ष निवेदन दिइएको र सोही बमोजिम जिल्ला अदालतले स्वीकृति दिइएको पाइयो। त्यसैगरी शुन्य वटा मुद्दा अर्थात शुन्य प्रतिशत मुद्दामात्र अपराध अनुसन्धानको सिलसिलामा प्रतिवादीको नाउँमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गर्ने अदालतबाट अनुमति लिई पक्राउ पुर्जी जारी गरि प्रतिवादीलाई पक्राउ गरिएको पाइयो।

# परिच्छेद - आठ
# नतिजा, निष्कर्ष र सुझाव

पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको सन्दर्भमा व्यवस्था भएका संयुक्त राष्ट्र संघिय दस्तावेज, नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अध्ययन र संक्लन गरिएका तथ्याङ्कको प्रस्तुतीकरण, विवेचना र विश्लेषणबाट प्राप्त नतिजा, निष्कर्ष र सुझावहरू देहाय अनुसार प्रस्तुत गरिएका छन्।

## ८.१ नतिजा

*८.१.१* मुगु जिल्लामा जम्मा ८ वटा विभिन्न मुद्दाहरू मध्ये ६ वटा अर्थात ७५ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी २ वटा मुद्दा अर्थात २५ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.२* भोजपुर जिल्लामा जम्मा १७ वटा विभिन्न मुद्दाहरू मध्ये १४ वटा अर्थात ८२ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३ वटा मुद्दा अर्थात १८ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.३* सुर्खेत जिल्लामा जम्मा ८१ वटा विभिन्न मुद्दाहरू मध्ये ४३ वटा अर्थात ५३ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३८ वटा मुद्दा अर्थात ४७ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.४* धनुषा जिल्लामा जम्मा ८९ वटा विभिन्न मुद्दाहरू मध्ये ५४ वटा अर्थात ६१ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३५ वटा मुद्दा अर्थात ३९ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.५* काठमाडौं जिल्लामा जम्मा १६५ वटा विभिन्न मुद्दाहरू मध्ये १२७ वटा अर्थात ७५.९६ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३८ वटा मुद्दा अर्थात २३.०३ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.६* मुगु, भोजपूर, सुर्खेत, धनुषा र काठमाडौंसमेत पाँच वटा जिल्लाहरूमा जम्मा ३६० वटा विभिन्न मुद्दाहरू मध्ये २४४ वटा अर्थात ६८ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को

दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ११६ वटा मुद्दा अर्थात ३२ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.७* अपराधको वर्गिकरणको आधारमा जम्मा ८० वटा जीउज्यान सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ५० वटा अर्थात ६३ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३० वटा मुद्दा अर्थात ३६ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.८* अपराधको वर्गिकरणको आधारमा जम्मा ६४ वटा आर्थिक अपराधसम्बन्धी विभिन्न मुद्दाहरू मध्ये २३ वटा अर्थात ३६ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ४१ वटा मुद्दा अर्थात ६४ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.९* अपराधको वर्गिकरणको आधारमा जम्मा ५१ वटा सार्वजनिक शान्ति र सुरक्षा विरूद्धका विभिन्न मुद्दाहरू मध्ये ४४ वटा अर्थात ८६ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ७ वटा मुद्दा अर्थात १४ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१०* अपराधको वर्गिकरणको आधारमा जम्मा ४७ वटा चोरी सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये ४३ वटा अर्थात ९१ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ४ वटा मुद्दा अर्थात ९ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.११* अपराधको वर्गिकरणको आधारमा जम्मा ४६ वटा यौन सम्बन्धी विभिन्न मुद्दाहरू मध्ये २८ वटा अर्थात ६१ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी १८ वटा मुद्दा अर्थात ३९ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१३* अपराधको वर्गिकरणको आधारमा जम्मा ३७ वटा लागु औषध सम्बन्धी मुद्दाहरू मध्ये ३७ वटा अर्थात १०० प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गरीएको। लागु औषध सम्बन्धी मुद्दामा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने नगरिएको।

*८.१.१४* अपराधको वर्गिकरणको आधारमा जम्मा १३ वटा विवाह सम्बन्धी मुद्दाहरू मध्ये ५ वटा अर्थात ३८ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी  ८ वटा मुद्दा अर्थात ६२ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१५* अपराधको वर्गिकरणको आधारमा जम्मा ७ वटा सामूहिक सद्भाव र सार्वजनिक नैतिकता विरूद्धको मुद्दाहरू मध्ये ४ वटा अर्थात ५७ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३ वटा मुद्दा अर्थात ४३ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१६* अपराधको वर्गिकरणको आधारमा जम्मा ७ वटा प्रबिधि सम्बन्धी मुद्दाहरू मध्ये ५ वटा अर्थात ७१ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी २ वटा मुद्दा अर्थात २९ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१७* अपराधको वर्गिकरणको आधारमा जम्मा ४ वटा लिखत सम्बन्धी मुद्दाहरू मध्ये १ वटा अर्थात २५ प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी र बाँकी ३ वटा मुद्दा अर्थात ७५ प्रतिशत मुद्दामात्र मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

*८.१.१८* अपराधको वर्गिकरणको आधारमा जम्मा ३ वटा क्षतिपूर्ति उपचार खर्चसम्बन्धी मुद्दाहरू मध्ये ३ वटा अर्थात १०० प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६ बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गरिएको। त्यसैगरी यस मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने नगरिएको।

*८.१.१९* अपराधको वर्गिकरणको आधारमा जम्मा १ वटा थुनुवा भगाउने सम्बन्धी मुद्दाहरू मध्ये १ वटा अर्थात १०० प्रतिशत मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा ६

बमोजिम जरूरी पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गरिएको। त्यसैगरी यस मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ बमोजिम पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने नगरिएको।

## ८.२ निष्कर्ष

कसूरसँग सम्बन्धीत व्यक्तिलाई प्रकाउ गर्ने सरकाकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १४ मा भएको परम्परागत व्यवस्थाको खारेजी गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ ३ र६ मा उल्लेख भएका नवीबतम् व्यवस्थाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणलाईसमेत प्रत्याभूति गरेको छ। कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कुनै पनि व्यक्तिको स्वतन्त्रता अपहरण गर्न सकिदैन भन्ने दफा ९ को मुल अभिप्राय रहेको छ। त्यसैगरी यस पक्राउ सम्बन्धी कानूनी व्यवस्थाले व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा राज्यले वाध्यात्मक परिस्थितिमा बाहेक संयुक्त राष्ट्र संघीय दस्तावेजहरूले निर्धारण गरेका उचित र निर्धारित प्रक्रिया पूरा गर्नु पर्ने विश्वव्यापी मान्यतलाई आत्मसात गर्नुका साथै नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूति गरेको प्रत्येक व्यक्तिको सम्मान पूर्वक बाँच्न पाउने, कानून बमोजिम बाहेक स्वतन्त्रताबाट बञ्चित नगरिने र न्यायसम्बन्धी हकहरूमा अन्तरनिहित अवधारणाको पनि सम्मान गरेको पाइन्छ।

सम्मानित सर्वोच्च अदालतबाट पक्राउ सम्बन्धी कानूनी व्यवस्थथाको कार्यान्वयनको सन्दर्भमा कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा तथा उसको स्वतन्त्रतालाई नियन्त्रण गर्दा कानूनीको प्रक्रया पुरा गर्नुपर्दछ, अनुसन्धानको लागि पक्राउ गर्न पाउने अधिकार त्यस्तो निकायको अन्तरनिहित अधिकार होइन र विशेष अवस्थामा मात्र जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गर्नुपर्दछ जस्ता विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ।

यद्यपी पक्राउ सम्बन्धी कानूनी व्यवस्था अन्तर्गत अदालतको अनुमति लिई पक्राउ पुर्जीजारी गरि पक्राउ गर्नु पर्ने सामान्य तथा नियमित व्यवस्थाको कार्यान्वयनको सट्टा अधिकांश मुद्दाहरूमा अपवादको रूपमा विशेष अवस्थामा लागू हुने पक्राउ गरे पश्चात अदालतबाट स्विकृती लिने जरूरी पक्राउ पुर्जीको व्यवस्थाको प्रयोग भएको पाइयो। तथ्याङ्कबाट स्पष्ट भएको यस अवस्थाको आधारमा फौजदारी न्याय प्रणालीका सरोकारवाला निकायहरू अझ पनि परम्परागत फौजदारी मान्यतामानै कायम रहेको बुझ्न सकिन्छ। अतः वर्तमान संविधान र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ र ३ मा भएको पक्राउ सम्बन्धी कानूनी व्यवस्था र सैद्धान्तिक मुल्य र मान्यतालाई व्यवहारिक प्रयोगमा ल्याउन नसकिएको स्पष्ट भएको छ। अतः यस अध्ययनको निष्कर्ष संक्षिप्त रूपमा देहाय अनुसार प्रस्तुत गरिएका छन्।

- मुगु, भोजपूर, सुर्खेत, धनुषा र काठमाडौं गरी पाँच वटा जिल्लाहरूमा अपराध अनुसन्धानको लगि अधिकांश रूपमा जरूरी पक्राउ पुर्जी र सामान्य रूपमा मात्र पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।
- अपराध वर्गिकरणको आधारमा लागु औषध सम्बन्धी कसूरमा शत प्रतिशतनै जरूरी पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरीएको।

- अपराध वर्गिकरणको आधारमा क्रमशः जीउज्यान सम्बन्धी कसूर, सार्वजनिक शान्ति र सुरक्षा बिरूद्धका अपराध, चोरी सम्बन्धी कसूर आदीमा अधिकांश जरूरी पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरेको।
- अपराध वर्गिकरणको आधारमा आर्थिक अपराध, विवाह र लिखत सम्ब्धी कसूरमा अधिकांश रूपमा सामान्य पक्राउ पुर्जी जारी गरी प्रतिवादीलाई पक्राउ गर्ने गरिएको।

## ८.३ सुझाव

*८.३.१* पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको अवधारणागत तथा सैद्धान्तिक, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था तथा अभ्यास र राष्ट्रिय कानूनी व्यवस्थाको सन्दर्भमा बृहत्तर जानकारीको लागि अपराध अनुसन्धानमा संलग्न अधिकारी, अभियोजनकर्ता र माननीय जिल्ला न्यायाधीशहरूलाई लक्षित गरी प्रशिक्षण, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू संचालन गर्नु पर्ने।

*८.३.२* मुलुकी फौजदारी कार्यवविधि संहिता,२०७४ को दफा ९ को उप-दफा २, ३ र ६ मा व्यवस्था भए अनुसार अदालतबाट अनुमति लिएर जारी गरिने पक्राउ पुर्जी र जरूरी पक्राउ पुर्जीको विषयमा अवधारणागत तथा सैद्धान्तिक बुझाइमा एकरूपता ल्याउन अपराध अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न अभियोजनकर्ता र न्यायाधीशहरूलाई विज्ञहरूबाट सो सम्बन्धमा प्रशीक्षणका लागि पाठ्यक्रम निर्माण गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गरिनु पर्ने।

*८.३.३* मुलुकी फौजदारी कार्यवविधि संहिता, २०७४ को दफा ९ को उप-दफा २ र ३ मा व्यवस्था भए अनुसार अदालतबाट अनुमति लिएर जारी गरिने  पक्राउ पुर्जीको विषयमा अवधारणागत तथा सैद्धान्तिक पक्ष र व्यवहारिक समस्यामा केन्द्रित भएर अपराध अनुसन्धानमा संलग्न अधिकारी, अभियोजनकर्ता र न्यायाधीशहरूलाई लक्षित अन्तरक्रिया, कार्यशाला तथा गोष्ठी संचालन गर्नु पर्ने।

*८.३.४* मुलुकी फौजदारी कार्यवविधि संहिता,२०७४ को दफा ९ को उप-दफा ६ मा व्यवस्था भए अनुसार अदालतबाट अनुमति लिएर जारी गरिने जरूरी पक्राउ पुर्जीको विषयमा अवधारणागत तथा सैद्धान्तिक पक्ष र व्यवहारिक पक्षमा केन्द्रित भएर अपराध अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्यायाधीशहरू लक्षित अन्तरक्रिया, कार्यशाला, गोष्ठी तथा प्रशिक्षण संचालन गर्नु पर्ने।

*८.३.५* नेपाल र अन्य मुलुकहरूमा रहेको पक्राउ सम्बन्धी कानूनी व्यवस्था र अभ्यासको सन्दर्भमा बृहत्त प्रकृतिको अध्ययन अनुसन्धान हुनुपर्ने।

*८.३.६* विश्वका विभिन्न मुलुकहरूमा रहेको पक्राउ सम्बन्धी व्यवहारीक अभ्यासको अबलोकन तथा अध्ययन भ्रमणको अवसरहरू सृजना गर्नु पर्ने।

# अनुसूची १

## जिल्ला सरकारी वकीलको कार्यालय, मुगुबाट संकलन गरिएका मुद्दाहरूको विवरण

तालिका नं. १

| क .सं. | वादी / प्रतिवादी | मुद्दाको नाम/ द.न. | पक्राउ पुर्जी | जरूरी पक्राउ पुर्जी |
|---|---|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक नर्सिङ्ग गिरीसमेतको प्रहरी प्रतिवेदनले नेपाल सरकार वि. नन्दराज शाहीसमेत ३ जना | अभद्र व्यवहार/ दर्ता नं.२६ | √ | x |
| २. | सर्पराज नेपालीको जाहेरीले नेपाल सरकार वि. कमला थापासमेत ३ जना | अभद्र व्यवहार /मु.न. ०८१-C१-००२१ | x | √ |
| ३. | छायानाथ (ग) ६० को जाहेरीले नेपाल सरकार वि. दिल बहादुर रोकाया | जबरजस्ती करणी / मु.नं. ०८०-C१-००११ | x | √ |
| ४. | संकेत नं. (क) ६० को जाहेरीले नेपाल सरकार वि. किट्या लुवार | जबरजस्ती करणी /मु.नं.०८०-C१-०००८ | x | √ |
| ५. | परिवर्तित संकेत नाम थर, वतन छायाँनाथ (प) ६० को जाहेरीले नेपाल सरकार वि. बसन्त कार्कीसमेत ३ जना | जबरजस्ती करणी / मु.नं. ०८०-C१-००२० | x | √ |
| ६. | भैदेवी लावङ(कामी) को जाहेरीले नेपाल सरकार वि. धनमल कामी समेत ३ जना | बहुविवाह/ मु.नं.०८०-C१-०००६ | √ | x |

| | | | | |
|---|---|---|---|---|
| ७. | परिवर्तित नाम थर,वतन,संकेत नं. छायाँनाथ (ख) ६० को जाहेरीले नेपाल सरकार वि. जिल्ला सिंह दमाई | जबरजस्ती करणी उद्योग/मु.नं.०८०-८१-०००९ | X | √ |
| ८. | परिवर्तित नाम थर,वतन,संकेत नं.सोरू (क) ६० को जाहेरीले नेपाल सरकार वि. बुद्धि सिंह नेपालीसमेत २जना | जबरजस्ती कारणी उद्योग र प्रमाण दवाउने | X | √ |

# अनुसूची २

## जिल्ला सरकारी वकीलको कार्यालय, भोजपुरबाट संकलन गरिएका मुद्दाहरूको विवरण

तालिका नं. २

| क्र.सं. | वादी / प्रतिवादी | मुद्दाको नाम/ द.न./मु.नं. | पक्राउ पुर्जी | जरूरी पक्राउ पुर्जी |
|---|---|---|---|---|
| १. | अनिल राईसमेतको जाहेरीले नेपाल सरकार वि. सागर श्रेष्ठसमेत | अभद्र व्यवहार/द.नं.२६ | x | √ |
| २. | रिता कुमारी कमरको जाहेरीले नेपाल सरकार वि. पवित्रा राई | आत्महत्या दुरूत्साहन/मु.नं. ०८०-८१-०००९ | √ | x |
| ३. | प्र.स.नि. सागर भुजेलसमेको प्रतिवेदनले नेपाल सरकार वि. जिवन राई | अपराधिक उपद्रव/ मु.नं.०८०-८१-००२७ | x | √ |
| ४. | हर्कबहादुर कार्कीको जाहेरीले नेपाल सरकार वि. सोवितमान वान्तावा राई | चोरी/मु.नं. ०८०-८१-००१७ | x | √ |
| ५. | सांकेतिक नाम (०८०/०८१)०७-ङ-१ को जाहेरीले नेपाल सरकार वि. सागर श्रेष्ठ | जबरजस्ती करणी/मु.नं. ०८०-८१-००३८ | x | √ |
| ६. | सांकेतिक नाम (०८०/०८१)०७-च-३ को जाहेरीले नेपाल सरकार वि. मकन सिंह राई | जबरजस्ती करणी उद्योग/मु.नं. ०८०-८१-००२१ | x | √ |
| ७. | प्र.स.नि. अर्जून कठेत समेतको प्रतिवेदनले नेपाल सरकार वि. देवेन्द्र लुइँटेलसमेत ५ जना | जुवा सम्बन्धी कसूर/द.नं. ००२ | x | √ |

| | | | | |
|---|---|---|---|---|
| ८. | दिल कुमार राईको जाहेरीले नेपाल सरकार वि. कबिन्द्र लुइटेल | ज्यान मार्ने उद्योग/मु.नं. ०८०-c१-००१० | x | √ |
| ९. | डारबिन राईसमेतको जाहेरीले नेपाल सरकार वि. रमनसिंह राई | ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान)/मु.नं.०८०-c१-००२४ | x | √ |
| १०. | सम्झना मोर्तेलतको जाहेरीले नेपाल सरकार वि. सुरेन्द्र साह कानु | ठगी /मु.नं. ०८०-c१-००११ | √ | x |
| ११. | रूपा भजेल (राई) को जाहेरीले नेपाल सरकार वि. मामुयाङ्ग राई | बहुविवाह/मु.नं.०८०-c१-००३२ | x | √ |
| १२. | सांकेतिक नाम (०८०/०८१)०७-ज-१ को जाहेरीले नेपाल सरकार वि. कुल प्रसाद राई | बाल यौन दुर्व्यवहार (बालबालिका बिरूद्ध कसूर)/ द.नं.११४ | x | √ |
| १३. | सांकेतिक नाम (०८०/०८१)०७-त-१ को जाहेरीले नेपाल सरकार वि. सांकेतिक नाम ०७-E | बाल बिज्याँई (हाडनाता जबरजस्ती करणी)/ द.नं.२३० | x | √ |
| १४. | प्र.स.नि. प्रकाश राईसमेतको प्रतिवेदनले नेपाल सरकार वि. सन्तोष वराईली | लागु औषध (खैरो हिरोइन)/ मु.नं. ०८०-c१-०००६ | x | √ |

| | | | | |
|---|---|---|---|---|
| १५. | प्र.स.नि. लोक बहादुर दाहालको प्रतिवेदनले नेपाल सरकार<br>वि.<br>गोकुलधन राई | विस्फोटक पदार्थ सम्बन्धी कसूर/मु.नं. ०८०-८१-००१६ | x | √ |
| १६. | माघव राईको जाहेरीले नेपाल सरकार<br>वि.<br>चिन्तामणी सापकोटा | सवारी ज्यान/मु.नं.०८०-८१-००३९ | x | √ |
